उच्च माध्यमिक शिक्षा परिषद्द्वारा मिति २०६८/०१/२१ गते सञ्चालित कक्षा १२ को प्रश्नपत्र बाहिरिएको सम्बन्धमा सत्य तथ्य पत्ता लगाउन गठित छानविन समितिले पेश गरेको

प्रतिवेदन

२०६८

विषय-सूची

क्र.सं.	विषय	पेज नं.
परिच्छेद-१		
१.१	पृष्ठभूमि	१
१.२	छानविन समिति गठन	२
१.३	समितिको TOR	२
परिच्छेद- २		
२.१	सूचना प्रकाशन	४
२.२	स्थलगत निरीक्षण	५
२.३	तथ्य संकलन	६
२.४	वेवसाइटमा राखिएका प्रश्नपत्रको अध्ययन तथा विश्लेषण	६
२.५	सम्बद्ध व्यक्तिहरुसंग गरिएको सोधपुछ	६
२.६	सूचनाका आधारमा प्राप्त भएका जानकारीहरु	१४
परिच्छेद-३		
३.१	छानविन समितिको तर्फबाट गरिएका काम कारवाहीहरु	१८
३.२	समितिको निष्कर्ष	२१
परिच्छेद-४		
४.१	प्रश्नपत्रको गोपनियता भंग गर्ने कार्यमा संलग्न व्यक्तिलाई हुनु पर्ने कारवाहीको सिफारिस	२४
४.२	समितिको सुझाव	२६

परिच्छेद-१

१.१ पृष्ठभूमि

उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरद्वारा लिइने वार्षिक परीक्षा अन्तर्गत शैक्षिक सत्र २०६७/६८ को कक्षा १२ को परीक्षा मिति २०६८/०१/१९ गते देखि देशभरका ८८१ वटा परीक्षा केन्द्रहरुमा संचालन भएको देखिन्छ । यसै सन्दर्भमा परीक्षाको संवेदनशीलता, मर्यादा र गरिमालाई कायम राख्दै मुलुकभरका परीक्षा केन्द्रहरुमा मर्यादित, व्यवस्थित र अनुशासित किसिमले परीक्षा संचालन गर्ने उद्देश्यले नेपाल सरकारद्वारा मिति २०६७/१२/२२ गतेको निर्णयानुसार हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एउटा परीक्षा समन्वय समिति गठन गरिएको पाईयो । साथै सो कार्यका लागि उच्च माध्यमिक शिक्षा परिषद्बाट समेत आवश्यक व्यवस्था मिलाईएको देखिन्छ । त्यसैले प्रश्नपत्रको गोपनियता, संरक्षण र समूचित प्रयोगबाट नै परीक्षाको गरिमा कायम हुने भएकोले प्रश्नपत्र टाइपिङ्, रुजु, छपाई, प्याकिङ, स्टोरेज, केन्द्रगत वितरण प्रकृया, मौजुदा प्रश्नपत्र एवं परीक्षा सामाग्रीहरुको सुरक्षा र व्यवस्थापनमा विशेष ध्यान दिनु पर्दछ । परीक्षा संचालन आफैमा एक जटिल एवं चुनैतीपूर्ण कार्य भएकोले एक्लो प्रयासबाट परीक्षालाई प्रभावकारी बनाउन सम्भव नहुने हुँदा परीक्षामा सामूहिक कार्य, सामूहिक बचनबद्धता र प्रतिबद्धताको खाँचो महसुस गरिएको छ । फलस्वरुप परीक्षालाई अनुशासित, स्तरिय र मर्यादित रुपमा संचालन गर्नका लागि परीक्षा संचालनमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा भूमिका निर्वाह गर्ने सम्पूर्ण अभिभावक, विद्यार्थी, सरोकारवाला, परीक्षा नियन्त्रण कार्यालय, प्रशासनिक निकाय, सूरक्षा निकाय एवं परीक्षा केन्द्र सबैसंग सहयोगको अपेक्षा गरी परिषद्द्वारा सार्वजनिक अपिल एवं निर्देशिका समेत जारी गरिएको देखिन्छ ।

कक्षा १२ को परीक्षा संचालनको क्रममा भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको भन्ने खवर उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालयमा युनिभर्सल उ.मा.वि., मैतिदेवी, काठमाण्डौका प्राचार्य डा. शिवदत्त ज्ञवाली बाट भइ उक्त विषयको हस्त लिखित प्रश्नपत्र प्राप्त भएको रहेछ । तत् सम्बन्धमा विभिन्न संघ, संगठन एवं उ.मा.वि.हरुबाट समेत छानविन भई परीक्षा रद्द गरी पुनः परीक्षा लिन दवाव दिएपछि परीक्षा संचालक समितिको बैठक बसेको देखिन्छ । परीक्षा संचालक समितिको बैठकले कक्षा १२ को भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको भन्ने सम्बन्धमा के भएको हो ? सत्य तथ्य पत्ता लगाई स्वतन्त्र र निष्पक्षरुपमा छानविन गरी १५ दिन भित्रमा प्रतिवेदन बुझाउने गरी मिति २०६८/०१/२२ गतेको निर्णयानुसार गठित यस छानविन समितिले आफुलाई सुम्पिएको दायित्व निर्वाह गर्न समितिले बनाएको TOR को अधिनमा रही प्राप्त भए सम्मको सबुत प्रमाणहरुको अध्ययन गरी यो प्रतिवेदन तयार गरी उच्च माध्यमिक शिक्षा परिषद् समक्ष पेश गर्ने कार्य गरिएको छ ।

१.२ छानविन समिति गठन

उच्च माध्यमिक शिक्षा परिषद्द्वारा मिति २०६८/०१/२१ गते संचालित कक्षा १२ को भौतिकशास्त्र (Physics) विषयको प्रश्नपत्र बाहिरिएको भन्ने सम्बन्धमा के भएको हो ? सत्य तथ्य पत्ता लगाई स्वतन्त्र र निष्पक्षरुपमा छानविन गरी १५ दिन भित्रमा प्रतिवेदन बुझाउने गरी मिति २०६८/०१/२२ गते ५ सदस्यीय छानविन समिति गठन गरिएकोमा मिति २०६८/०१/२४ गते छानविन समिति र परीक्षा संचालन समितिको संयुक्त बैठकमा छलफल हुँदा प्रश्नपत्रको गोपनियता भंग भएको विषयमा छानविन गर्दा अनुसन्धान विज्ञ तथा सूचना प्रविधी विज्ञको संलग्नता विना छानविन प्रकृयालाई निष्कर्षमा पुऱ्याउन असम्भव हुँने हुँदा अपराध अनुसन्धान संग सम्बद्ध प्रहरी उपरीक्षक दर्जाका एकजना अनुसन्धान विज्ञ प्रहरी प्रधान कार्यालयबाट माग गर्ने र सूचना प्रविधी संग सम्बद्ध एक विज्ञ नेपाल टेलिकमबाट माग गर्ने भएका सहमती बमोजिम परीक्षा संचालक समितिको मिति २०६८/०१/२५ गते को निर्णय बमोजिम श्री दिनेशदेव पन्त (उप-प्रबन्धक) नेपाल टेलिकम र प्रहरी उपरीक्षक श्री गणेश बहादुर ऐर (अपराध अनुसन्धान विभाग, नक्साल) लाई यस छानविन समितिको सदस्यको रुपमा थप गर्ने कार्य सम्पन्न भई छानविन समितिले पूर्णता प्राप्त गरी निम्न बमोजिमको छानविन समिति गठन भएको :-

१.	श्री अनुप कुमार श्रेष्ठ, सह-प्राध्यापक, त्रि.वि.	-संयोजक
२.	श्री दिपकराज सुवेदी, अध्यक्ष, उच्च माध्यमिक शिक्षक एसोसिएसन नेपाल (HISTAN)	-सदस्य
३.	श्री डिल्लीराम सिग्देल, अध्यक्ष, नेपाल सामुदायिक उच्च माध्यमिक शिक्षक युनियन	-सदस्य
४.	श्री सानुराज पोखरेल, अधिवक्ता	-सदस्य
५.	श्री ओम प्रकाश कुमार सिँह, अधिवक्ता	-सदस्य
६.	श्री दिनेशदेव पन्त, उप-प्रबन्धक, नेपाल टेलिकम	-सदस्य
७.	श्री गणेश बहादुर ऐर, प्र.उ., अपराध अनुसन्धान विभाग	-सदस्य

१.३ समितिको TOR

यस छानविन समितिले आफ्नो कार्य स्वतन्त्र एवं निष्पक्षरुपमा गर्न आफ्नो कार्यविधि आफै तयार गर्नेगरी समितिको गठन गरिएको हुँदा मिति २०६८/०१/२४ गते बसेको बैठकबाट निम्नानुसारको कार्यविधि निर्धारण गरी तर्जुमा गरियो :-

(क) यस छानविन समितिको कार्यालय उच्च माध्यमिक शिक्षा परिषद, सानोठिमी, भक्तपुरमा रहनेछ,

(ख) छानविन समितिको कार्यलाई सहयोग पुऱ्याइ दिनको लागि सार्वजनिक सूचना प्रकाशित गर्ने,

(ग) सूचना दिने व्यक्ति, संस्थाको गोपनियता कायम गर्ने र त्यस्ता व्यक्ति एवं संस्थालाई सजायबाट उन्मुक्ति दिने तथा पुरस्कृत समेत गर्ने,

(घ) प्रश्नपत्रको गोपनियता भंग भएको भनी प्रकाशित समाचार, सूचना र जानकारी संकलन गर्ने,

(ङ) छानविन समितिले प्राप्त गरेका सूचनाका आधारमा स्थलगत निरीक्षण एवं अनुसन्धान गर्ने,

(च) परीक्षासंग सम्बद्ध एवं प्रश्नपत्रको गोपनियता भंग गर्ने कार्यमा आशंकित जुनसुकै व्यक्तिहरुसंग सोधपुछ गर्ने,

(छ) विगतमा प्रश्नपत्रको गोपनियता भंग गरेको सम्बन्धमा गठित छानविन समितिद्वारा पेश गरिएका प्रतिवेदनको अध्ययन तथा विश्लेषण गर्ने,

(ज) छानविन सम्बन्धी कार्यतालिका बनाई अनुसन्धान कार्यलाई अगाडी बढाउने र

(झ) आवश्यकतानुसार छानविन समितिले आफ्नो कार्यविधि थपघट गर्ने ।

परिच्छेद- २

समितिको कार्य प्रारम्भ

२.१ सूचना प्रकाशन

छानविन समितिको २०६८/०१/२४ गते बसेको बैठकको निर्णय बमोजिम परीक्षाको प्रश्नपत्रको गोपनियता भंग भएको जानकारी प्राप्त व्यक्ति, संघ, संस्था लगाएतका सम्पूर्ण सर्वसाधारणहरुलाई जानकारी उपलब्ध गराइदिनहुन अनुरोध गरी निम्न बमोजिमको सूचना प्रकाशन गर्ने कार्य गरियो ।

प्रकाशित सूचना

उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०६८/०१/२१ गते सञ्चालित कक्षा १२ को भौतिकशास्त्र (Physics) विषयको प्रश्नपत्र बाहिरिएको भन्ने सम्बन्धमा छानविन गर्नका लागि यस समितिको गठन भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो सम्बन्धमा जानकारी प्राप्त गरेका व्यक्ति, संघ, संस्था लगाएत अन्य सम्पूर्ण सर्वसाधारणहरुलाई यस समितिलाई निम्न ठेगानामा जानकारी उपलब्ध गराई सहयोग गरिदिनहुन अनुरोध गरिन्छ । समितिलाई सूचना उपलब्ध गराउने व्यक्ति, संघ, संस्थाको नाम गोप्य राखिनेछ र सूचना दिनेलाई पुरस्कृत गरिनेछ ।

उच्च माध्यमिक शिक्षा परिषद्

छानविन समितिको कार्यालय

सानोठिमी, भक्तपुर

मोवाइल नं. ९८१३६७६१९३, फ्याक्स नं. ०१-५६३९०७४

संयोजक

छानविन समिति

उ.मा.शि.परिषद्

२.२ स्थलगत निरीक्षण

छानविन समितिको मिति २०६८/०१/२५ गते बसेको बैठकले गरेको निर्णय बमोजिम मिति २०६८/०१/२६ गते विहान ६:०० बजे यस समितिका संयोजक श्री अनुप कुमार श्रेष्ठ र सदस्य श्री ओम प्रकाश कुमार सिंहले महानगरिय प्रहरी प्रभाग, पुल्चोक ललितपुर तथा महानगरिय प्रहरी परिसर, जावलाखेल ललितपुरमा प्रश्नपत्रको गोपनियता एवं प्रश्नपत्र राख्ने तरिका सम्बन्धमा जानकारी प्राप्त गरी मिति २०६८/०१/२१ गते रातीको समयमा निस उ.मा.वि.को सम्पूर्ण प्रश्न पत्रको थैलो परीक्षा संचालन हुने शुरुकै दिन खोलेको भनी मुचुल्का गरी सिलबन्दी लाहाछाप लगाइएको बाकस समेतको अवलोकन गरी प्रश्नपत्र बाहिरिएको सम्बन्धमा ब्लुबर्ड उ.मा.वि., कुमारीपाटी, क्यारिवियन उ.मा.वि.मानभवन तथा मदन स्मारक उ.मा.वि. पुल्चोक ललितपुर परीक्षाकेन्द्रमा गई सोधपुछ गरी जानकारी प्राप्त गर्ने कार्य भयो । त्यसैगरी समितिका सदस्यद्वय श्री सानुराज पोखरेल र श्री डिल्लीराम सिग्देलद्वारा महानगरिय प्रहरी प्रभाग कमलपोखरी तथा महानगरीय प्रहरी प्रभाग गौशाला काडमाण्डौमा गई प्रश्नपत्र राख्ने र परीक्षा केन्द्रमा लैजाने तरिका सम्बन्धमा जानकारी प्राप्त गरी प्रश्नपत्र बाहिरिएको सम्बन्धमा प्रथम सूचना दिने युनिभर्सल उ.मा.वि. मैतिदेवीमा गई प्रश्नपत्र बाहिरिएको सम्बन्धमा त्याहाँका प्राचार्य डा. शिवदत्त ज्ञवाली लगाएतका व्यक्तिहरुसंग प्रारम्भिक जानकारी लिने कार्य गरियो ।

मिति २०६८/०१/२१ गते परिषद्द्वारा सञ्चालित भौतिकशास्त्रको प्रश्नपत्र बाहिऱ्याउने कार्यमा संलग्न केही व्यक्तिहरुलाई प्रहरी प्रधान कार्यालय, नक्साल अन्तर्गत रहेको केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) ले आफ्नो नियन्त्रणमा लिएको भन्ने सूचना समितिलाई प्राप्त भएको हुँदा प्रहरी प्रधान कार्यालय, नक्साल अन्तर्गत रहेको केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) कार्यालयमा गई प्र.ना.म.नि श्री राजेन्द्र सिं भण्डारी एवं प्र.ना.उ. भुपेन्द्र खत्रीसंग घटनाको बारेमा जानकारी लिने कार्य गरियो । केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) ले यस विषयको छानविन प्रकृयालाई जारी राखेको हुँदा छानविन समिति तथा केन्द्रीय अनुसन्धा ब्यूरो (CIB) विच समन्वय कायम गरी छानविनका लागि अघि बढाउने सहमती भए अनुरुप केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) ले अनुसन्धानको लागि थुनामा राखिएका अभियुक्त रुद्र अधिकारी लगाएतका अभियुक्तहरुबाट प्रारम्भिक अनुसन्धानबाट प्राप्त भएको जानकारी लिनको लागि महानगरिय प्रहरी परिसर हनुमानढोकामा गई प्रहरी नायव उपरीक्षक लालमणी आचार्यसंग प्रारम्भिक जानकारी लिने कार्य गरियो ।

आम सञ्चार माध्यमबाट प्रसारित एवं पत्रपत्रिकामा प्रकाशित भएका समाचार तथा समितिलाई प्राप्त सूचनाका आधारमा पेन्टागन उ.मा.वि. तिनकुनेको छात्रावासमा गई त्याहाँका वार्डेन श्री रंजित कुमार झा, शिक्षक थानेश्वर बस्याल र प्रशासक श्री जीतेन्द्र बहादुर चन्दसंग प्रत्यक्ष छलफल गरी प्रश्नपत्र बाहिरिएको सम्बन्धमा जानकारी लिने कार्य गरियो । प्रश्नपत्र खरिद गरी लिने कार्यमा सौर्या एजुकेशनल नेटवर्क उ.मा.वि.को छात्रबासमा रहेका विद्यार्थीहरुको समेत संलग्नता रहेको भन्ने जानकारी भएको हुँदा उक्त उच्च माध्यमिक विद्यालयको छात्रबासमा गई कक्षा १२ मा अध्ययनरत उक्त विद्यालयका विद्यार्थी श्री विष्णुविक्रम थापासंग सोधपुछ गर्दा आफु कक्षा ११ को प्रथम विद्यार्थी भएको, आफुसहित छात्रबासमा १४ जना विद्यार्थी रहेको, मिति २०६८/०१/१९ गते प्रश्नपत्र खरिद गर्नका लागि जनही ३०० रुपैयाँका दरले विद्यार्थीहरुबाट रकम उठाएको र मदन भण्डारी मेमोरियल उ.मा.वि.मा अध्ययनरत विद्यार्थीमार्फत मिति २०६८/०१/२० गते राती १०:०० बजे भौतिकशास्त्र विषयको हस्तलिखित प्रश्नपत्र आफुहरुले प्राप्त गरको र उक्त प्रश्नपत्रसंग मिति २०६८/०१/२१ गते संचालित भौतिकशास्त्रको प्रश्नपत्रसंग हुवहु मेल खाएको भनी समितिलाई जानकारी गराउने कार्य भएको ।

२.३ तथ्य संकलन

छानविन समितिले विभिन्न व्यक्तिहरुको टेलिफोन र मोवाइल फोन सम्पर्क एवं प्राविधिक रुपमा देखा परेका इन्टरनेट, इमेल तथा आमसञ्चार माध्यमद्वारा प्रकाशित तथा प्रसारित समाचार, स्थलगत निरीक्षण, अनुसन्धान कार्यमा संलग्न अधिकारीहरुसंगको सम्पर्क तथा समितिलाई प्राप्त भएका जानकारीहरु समेतका आधारमा तथ्यहरु संकलन गर्ने कार्य गरियो ।

२.४ वेवसाइटमा राखिएका प्रश्नपत्रको अध्ययन तथा विश्लेषण

भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको भनी http://www.edusanjal.com/n मा राखिएका प्रश्नपत्रहरुको बैधानिकता तथा सोही विषयमा उक्त वेवसाइट मार्फत HSEB को News Section मा टाईप गरी facebook मा राखिएका प्रश्नपत्रहरुको बैधानिकता, वेवसाइटमा राखिएका प्रश्नपत्रहरु परिवर्तन तथा परिमार्जन हुन सक्छ वा सक्दैन भन्ने सम्बन्धमा विशेषज्ञहरुलाई समितिको कार्यालयमा आमन्त्रण गरी जानकारी लिई अध्ययन तथा विश्लेषण गर्ने कार्य गरियो ।

२.५ सम्बद्ध व्यक्तिहरुसंग गरिएको सोधपुछ

उच्च माध्यमिक शिक्षा परिषद्द्वारा सञ्चालित कक्षा १२ को भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा यस समितिलाई प्राप्त भएका जानकारीका आधारमा घटनासंग सम्बन्धित

केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक, विद्यार्थी, सुरक्षाकर्मी, सुरक्षा निकायका प्रमुख, परीक्षा नियन्त्रक, परीक्षा संचालक समितिका सदस्यहरु, परीक्षा समन्वय समितिका सदस्यहरु, विद्यालय संचालक, हिसानका महासचिव, वेवसाइट संचालक समेतका निम्न व्यक्तिहरुसंग सोधपुछ गरिएको थियो :

(क) **सिन्धुली जिल्ला भिमेश्वर गा.वि.स. घर भई काठमाण्डौ महानगरपालिका-७ मित्रपार्क गौरीघाट बस्ने यूनिभर्सल कलेजमा BBS. अध्ययनरत छात्र सिद्धान्त भुजेल** :- मिति २०६८/०१/२१ गते विहान ६:३० बजे कलेज जान कोठाबाट निस्कदा मित्रपार्कमा कक्षा १२ को Physics विषयको प्रश्नपत्र बाहिरिएको भनी हात-हातमा लिएको अवस्थामा एउटा हस्तलिखित प्रश्नपत्रको फोटोकपी लिई मेरा कलेजका DI (Dicipline In-charge) विकास दाइलाई दिएको थिएँ । उ.मा.शि.प. लाई खवर गरिन तर पछि त्यस कार्यालयबाट आएको व्यक्तिको सामुन्नेमा माथि लेखाए बमोजिमको कुराहरु जानकारी गराएको थिएँ भनि यस समिति समक्ष उल्लेख गर्नु भएको ।

(ख) **का.जि. दक्षिणकाली गा.वि.स. वडा नं. ८ हाल डिल्लीबजार कालिकास्थान बस्ने यूनिभर्सल कलेजमा DI (Discipline In charge) को पदमा कार्यरत विकास बलामी** :- मिति २०६८/०१/२१ गते विहान ६:२० बजे भौतिकशास्त्र विषयको हस्तलिखित प्रश्नपत्रको फोटोकपी सिद्धान्त भुजेलबाट प्राप्त गरी हाम्रो कलेजका VP (Vice Principal) रमाकान्त मिश्रलाई दिएको भनी सोधपुछका क्रममा जानकारी गराएको ।

(ग) **का.जि.का.म.न.पा. वडा नं. २ लाजिम्पाट बस्ने यूनिभर्सल कलेजका सस्थापक एवं संचालक प्राचार्य डा. शिवदत्त ज्ञवाली-** मिति २०६८/०१/२१ गते संचालित भौतिकशास्त्र विषयको परीक्षा संचालन पूर्व झण्डै ६:५० मा VP रमाकान्त मिश्रबाट हस्तलिखित प्रश्नपत्रको फोटोकपी प्राप्त गरी परीक्षा सुरुहुने बेलामा मूल प्रश्नपत्रसंग रुजु गर्दा हुवहु मिलेको पाँउदा ७:०३ बजे परीक्षा नियन्त्रक, उ.मा.शि.प. लाई खवर गरी आउन अनुरोध गरको र परीक्षा नियन्त्रक ८:३०/८:४५ मा आएपछि सिद्धान्त भुजेल लगाएतलाई बोलाएर सोधपुछ गरी उक्त प्रश्नपत्र दिएको थिएँ । त्यस पछि करिव ११:०० बजे हिसानको बैठकमा सोही कुरा प्रस्तुत गरेको थिएँ भनि यस समिति समक्ष उल्लेख गर्नु भएको ।

(घ) **उ.मा.शि.प. परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक श्री दुर्गा प्रसाद आर्याल** :- मिति २०६८/०१/२१ गते भौतिकशास्त्र विषयको परीक्षा संचालन भैसके पश्चात यूनिभर्सलका प्राचार्य डा. शिवदत्त ज्ञवालीले प्रश्नपत्र बाहिरिएको सूचना दिए बमोजिम उक्त कलेजमा गई हस्तलिखित प्रश्नपत्र लिएर करिव १०:०० बजे उक्त केन्द्रबाट हिँडी

सो सम्बन्धमा उ.मा.शि.प.का सदस्य-सचिवज्यूलाई जानकारी गराई भोलिपल्ट परीक्षा संचालक समितिको बैठक बसी सत्य तथ्य पत्ता लगाउन छानविन समिति गठन गरेको भन्ने कुराको जानकारी समितिलाई गराएको ।

(ङ) **का.जि.का.म.न.पा. वडा नं. ७ चावहिल वस्ने पशुपती बहुमुखी क्याम्पस परीक्षा केन्द्रका सहायक केन्द्राध्यक्ष चन्द्र प्रसाद पन्त** :- मिति २०६८/०१/२१ गते सञ्चालित कक्षा १२ को भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको छ भन्ने कुरा विद्यार्थीले हल्ला गरेको सुनेको थिएँ । यस्ता हल्ला धेरै वर्ष देखि हुने गरेको कारणले उ.मा.शि.प.लाई जानकारी गराउनु पर्दछ जस्तो लागेन र नगराएको हो । मिति २०६८/०१/२५ गते हाम्रो क्याम्पसका विद्यार्थीहरु समातिएका थिए तत् सम्बन्धमा कार्यालयलाई जानकारी गराएको थिएँ भनि सोधपुछका क्रममा बताएको ।

(च) **www.edusanjal.com/n का मेनेजिङ्ग डाइरेक्टर टकेश्वर आचार्य** :- मिति २०६८/०१/२१ गते विहान करिव ४:३० बजे भौतिकशास्त्रको प्रश्नपत्र प्राप्त गरी यस्ता कुरालाई पारदर्शी बनाउन र सम्बन्धित निकायलाई अवगत गराउन प्रश्नपत्र टाइप गरी www.edusanjal.com/n को news section को category HSEB मा post गरेको, उक्त प्रश्न पत्र मूल प्रश्नपत्र संग हुवहु मिल्ने हुनाले अगावै प्रश्नपत्र बाहिरिएको ठहर्छ । उ.मा.शि.प. मा फोन गर्दा गायत्री नाम गरेकी एकजना परीक्षा शाखाकी कर्मचारीले फोन उठाई मिटिङ् चल्दैछ र पछि कलब्याक गर्ने भन्नु भयो । प्रश्नपत्रको गोपनियता भंग भएको हो । प्रश्न पत्रको गोपनियता भंग सम्बन्धित निकाय र अन्य निकायहरु जो परीक्षासंग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न हुन्छन, उनीहरुबाट नै भएको हुनुपर्दछ भनि सोधपुछका क्रममा उल्लेख गरेको ।

(छ) **उ.मा.शि.प.का उपाध्यक्ष डा. हेम कुमार मिश्र** :- मिति २०६८/०१/२० गते परीक्षाको अनुगमनको क्रममा काठमाण्डौबाट बाहिर गएकोमा मिति २०६८/०१/२१ गते विरगञ्जबाट १२ कक्षाको परीक्षाको अनुगमन गरी करिव दिनको १:०० बजेतिर जनकपुर गइरहेको अवस्थामा White House HSS का डाइरेक्टर यूवराज शर्माले फोनबाट चाँडै आउनुपर्छ किनकि भौतिकशास्त्रको प्रश्नपत्र बाहिरिएको छ भनि फोन गर्नु भयो । पछि यसै कार्यालयका सह-सचिव श्री नारायण प्रसाद कोइराला र सदस्य-सचिव श्री भीमलाल गुरुङ्गले चाडै आउनु पर्छ आवश्यक छलफल गर्नुछ भनी फोनबाट भने लगत्तै म फर्की राती १:४५ बजे काठमाण्डौ आइपुगें । मिति २०६८।०१।२२ गते विहान ६:१० बजे कार्यालयमा परीक्षा नियन्त्रकले मलाई सम्पूर्ण जानकारी गराउनु भयो । सो सम्बन्धमा छानविन समितिको प्रतिवेदन प्राप्त भएपछि परीक्षा संचालक समितिको निर्णय अनुसार हुने भनि आफ्नो व्यहोरा छानविन समिति समक्ष लेखाइदिएको ।

(ज) **का.जि.का.म.न.पा. वडा नं ११ थापाथली बस्ने निस उ.मा.वि. परीक्षा केन्द्रका केन्द्रध्यक्ष डा. त्रिनेत्रमान प्रधानाङ्ग** :- भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा थाहा नभएको, महानगरीय प्रहरी प्रभाग पुल्चोकमा रहेको प्रश्नपत्रको थैला अन्जानमा मैले अख्तियार दिएका कर्मचारीबाट खोलिन गएको हुनसक्छ । प्रश्नपत्र राखेको पाकेट खोल्नु अघि पर्यवेक्षक र केन्द्राध्यक्ष आफैले सही गर्ने गरको र सो सही प्रहरीको समक्ष नै गरको तर प्रहरीको हस्ताक्षर भूलवस नगराएको । सजायको हकमा परीक्षा नियमानुसार गर्ने/गराउने हो । केही हेलचेक्याई हुन गएको हुनसक्छ तर वदनियतपूर्ण तवरले गरेको होइन भनि समिति समक्ष उपस्थित भई आफ्नो व्यहोरा लेखाएको ।

(झ) **ल.पु.जि.ल.पु.उ.म.न.पा. वडा नं. २० पूर्णचण्डी मन्दिर डेरा गरी बस्ने निस उ.मा.वि.मा कार्यरत गंगा बहादुर पाण्डे** :- भौतिकशास्त्रको प्रश्नपत्र बाहिरिएको बारेमा थाहा छैन । केन्द्राध्यक्षले दिएको आधिकारीक पत्रसाथ महानगरीय प्रहरी प्रभाग पुल्चोकमा गई सम्पूर्ण सिलबन्दी कपडाका पोका प्रहरीको रोहवरमा खोल्न लगाई प्रश्नपत्र रुजु गरको । उक्त कपडाका पोका अज्ञानताको कारणबाट खोलिएतापनि दैनिक रुपमा विषयगत प्रश्नपत्र प्रहरीको निगरानीमा लैजाने गरेको भनि समिति लाई जानकारी गराएको ।

(ञ) **सर्लाही जिल्ला रानीगञ्ज गा.वि.स. वडा नं. ३ घर भई निस उ.मा.वि.का लाइब्रेरियन भुपेन्द्रराज पौडेल** :- प्रश्नपत्र बाहिरिएको सम्बन्धमा केही थाहा छैन । दैनिकरुपमा प्रश्नपत्र मिति २०६८/०१/१९ देखि २०६८/०१/२१ गते सम्म महानगरीय प्रहरी प्रभाग पुल्चोकबाट सुरक्षाकर्मीसंग म र गंगाबहादुर पाण्डेले लाने गरेका थियौ भनि समिति समक्ष आफ्नो व्यहोरा लेखाइदिएको ।

(ट) **ब्यासी १० भक्तपुर घर भई नयाँबानेश्वर काठमाण्डौ बस्ने निलबदन सुवाल** :- मिति २०६८/०१/२१ गते संचालन हुने भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा हल्ला मात्र सुनेकी छु । प्रश्नपत्रको पोका खोल्नु पूर्व म, पर्यवेक्षक र केन्द्राध्यक्षले हस्ताक्षर गरेपछि मात्र खोल्ने गरको थिएँ भनि समिति समक्ष बताउनुभएको ।

(ठ) **NIC उ.मा.वि. का केन्द्राध्यक्ष इन्द्र बहादुर मल्ल, सहायक केन्द्राध्यक्ष प्रकाशराज रेग्मी, सहायक केन्द्राध्यक्ष पाण्डवराज काफ्ले तथा पर्यवेक्षक रामाशिष यादव समेत जना ४ ले समितिको कार्यालयमा आई निम्न व्यहोराको कागज गरिदिएको :-**

(१) मिति २०६८/०१/२१ गते संचालन हुने विषयको प्रश्नपत्रहरु लिन जाँदा उक्त केन्द्रको प्रश्न पत्र अन्यत्र गैसकेको हुनाले प्राप्त हुन नसकी फर्केर जानु भई पुनः सोही महानगरीय प्रहरी प्रभाग कमलपोखरीबाट फोन मार्फत उक्त केन्द्रको प्रश्नपत्रको पोको प्राप्त भइसकेकोले लिन आउने जानकारी पाई लिन सोही प्रभागमा जाँदा दुरुस्त अवस्थामा रहेको प्रश्नपत्रको पोको प्राप्त भएको हुँदा उक्त प्रश्नपत्र लगि परीक्षा संचालन गरियो ।

(२) केन्द्रको कोड नं. ८०६ हुनुपर्नेमा ८०७ रहेको पाईयो ।

(३) प्रश्नपत्र प्राप्त भएपछि सो को जानकारी उ.मा.शि.प.लाई समेत फोन मार्फत गराइयो ।

(४) NIC भन्नाले निक उ.मा.वि. भन्ने बुझ्नु पर्ने ।

(५) केन्द्रको कोड नम्बर ८०६ र ८०७ मा भ्रम उत्पन्न भएको ।

(ड) **तुलाँछे, भक्तपुर बस्ने उ.मा.शि.प. परीक्षा बोर्ड सदस्य दयामान कर्माचार्य** :- मिति २०६८/०१/२१ गते बेलुका ५-६ बजेतिर भौतिकशास्त्र प्रश्नपत्र बाहिरिएको सम्बन्धमा परीक्षा समितिको बैठक बस्नुपर्ने भएको भनि मलाई खबर गरेको । परीक्षा बोर्डको मिति २०६८/०१/२२ गते विहान ६:०० बजे बैठक बसेपछि मात्र अन्य जानकारी प्राप्त भयो । परीक्षा संचालक समितिका व्यक्तिहरुले प्रश्नपत्र बाहिरिएको सम्बन्धमा सूचना तथा जानकारीहरु संकलन गरी त्यसको आधारमा छानविन गरी त्यसमा भएको प्रगति र काम कारवाही परीक्षा संचालक समितिमा प्रस्तुत गरी परीक्षा संचालक समितिको निर्णय बमोजिम हुने भनि समिति समक्ष जानकारी दिएको ।

(ढ) **का.जि.का.म.न.पा. वडा नं. १३ वाफल बस्ने जिलेट कलेजका मानार्थ अध्यक्ष राजु मानन्धर** :- विषयगत प्रश्नपत्र परीक्षा संचालन हुनुभन्दा आधा घण्टा अगाडी मात्र लैजानुपर्नेमा एकदिन अगावै प्रश्नपत्र सुरक्षाकर्मीबाट लैजानु गैह्रकानुनी र अनैतिक काम हो । शिक्षा जस्तो पवित्र एवं मर्यादित विषयमा आँच पुऱ्याउने गरी सहायक केन्द्राध्यक्ष जस्तो गरिमामय पदमा रहेको व्यक्तिले प्रश्नपत्र बाहिऱ्याउने जुन कार्य भएको छ उक्त कार्यबाट परिषद्लाई पुग्न गएको सम्पूर्ण हानी नोक्सानी वापतको रकम उक्त कलेजबाट

तथा अभियुक्तबाट असुलउपर गरिलिई गैह्रकानुनी कार्यमा संलग्न व्यक्तिलाई कडा भन्दा कडा कारवाही हुनु पर्दछ भनि समिति समक्ष जानकारी गराएको ।

(ण) **का.जि.का.म.न.पा. वडा नं. १४ कालीमाटी बस्ने जीलेट उ.मा.वि. परीक्षा केन्द्रका केन्द्राध्यक्ष नेत्र बहादुर लिम्बु** :- मैले सहायक केन्द्राध्यक्ष/कलेज इन्चार्ज रुद्र अधिकारीलाई पूर्ण अख्तियारी दिएकोमा उक्त भौतिकशास्त्र विषयको प्रश्नपत्रको पोका म पुग्दा अग्रिम नै खुला भै प्रश्नहरु सेट गरी सकेको पाएँ । मेरो रोहवरमा उक्त पोका नखोलिएको हुँदा अनैतिक र गैह्रकानुनी कार्य गरको कसुरमा संगल्न व्यक्तिहरुलाई कानून बमोजिम हदैसम्मको सजाय गरी परिषद्लाई हानी नोक्सानी हुन गएको रकम समेत सोही व्यक्तिहरुबाट असुल उपर गर्नेतर्फ कारवाही हुनुपर्दछ । मेरो असावधानीको कारणबाट उक्त घटना भएको हुँदा उक्त कार्यबाट पुग्न गएको हानी नोक्सानी के कति हुने हो ? के कस्तो सजाय मैले भोग्न पर्ने हो ? म सो समेत तिर्न तथा बुझाउन तयार छु भनि समिति समक्ष आफ्नो व्यहोरा लेखाइदिएको ।

(त) **अर्घाखाची जिल्ला अर्धौ गा.वि.स. वडा नं. ४ घर भई महानगरीय प्रहरी वृत कालीमाटीमा प्रहरी हवल्दार पदमा कार्यरत गूप्त वहादुर क्षेत्री** :- उ.मा.शि.प. द्वारा कालीमाटी वृतमा कक्षा १२ को प्रश्नपत्र र १४ थान बाकस राखेको र बाकस भित्र प्रश्नपत्रहरु राखी चावी केन्द्राध्यक्ष आफैले लैजाने गरेको थियो । बाकसको चावी जिलेटका स.केन्द्राध्यक्ष संगै रहेको, बाकस आफैनै खोली प्रश्नपत्र लगेको हुँदा मलाई झुक्याई २१ गतेको प्रश्नपत्र २० गते नै लैजानुभएको र पछि २२ गते पनि त्यस्तै गरेकोले फोन गरी बोलाउँदा आइ विहान लगेको भनी भर्पाई रजिष्टरमा दस्तखत गराएको थिएँ । बाकसको चावी आफैले राख्ने गरेका मलाई सहायक केन्द्राध्यक्ष जस्तो जिम्मेवार व्यक्तिले यस्तो कृयाकलाप गर्नुहोला जस्तो लागेको थिएन । सो सम्बन्धमा मेरो कुनै संलग्नता नरहेको हुँदा मलाई सजाय हुने होइन भनि आफ्नो व्यहोरा लेखाइदिएको ।

(थ) **का.जि.का.म.न.पा. वडा नं. ३ बस्ने यूनिभर्सल कलेजका सहायक केन्द्राध्यक्ष रमाकान्त मिश्र** :- भौतिक शास्त्र विषयको प्रश्नपत्रको हस्त लिखित प्रतिलिपी हाम्रा विद्यार्थी सिद्धान्त भुजेलद्वारा अनुशासन प्रमुख मार्फत मैले प्राप्त गरी Physics विषयको शिक्षकलाई Exam शुरु भएपछि हेर्नुहोला भनेर दिएको थिएँ । परीक्षा शुरु भइसकेपछी हुवहु मिलेपछि मैले केन्द्राध्यक्षलाई जानकारी गराइदिएको थिएँ । मानविय भुलवस एउटा केन्द्रको प्रश्नपत्र ल्याउनुपर्नेमा अर्को केन्द्रको प्रश्नपत्र लगिएको देखिए पछि मैले बुझिलिएको उक्त प्रश्नपत्रको थैलो सुरक्षितसाथ कमलपोखरी प्रभागमा बुझाएको छु भनि आफ्नो व्यहोरा लेखाइदिएको ।

(द) **कुरुले तेनुपा धनकुटा घर भई हाल कोटेश्वर बस्ने रिचमण्ड एकेडेमी उ.मा.वि. कलंकी काठमाण्डौमा कार्यरत जीलेट आवासिय उ.मा.वि. कालिमाटी काठमाण्डौ केन्द्रको पर्यवेक्षक तीर्थराज बराल (मोवाइल नं. ९८४१४८९९६६)** :- भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा जानकारी छैन । परीक्षा संचालन हुने दिन परीक्षा केन्द्रमा पुग्दा ६:४५ बजेको हुन्थ्यो । केन्द्रमा पुग्दा प्रश्नपत्र खोलीसकेको हुन्थ्यो त्यसैले कुनै पनि प्रश्नपत्रको खाममा सहीछाप गरेको छैन । मैले आफ्नो पदीय मर्यादामा नरहेको हुँदा सजायको भागीदार हुनु पर्ने हो भनि समिति समक्ष आफ्नो व्यहोरा लेखाएको ।

(ध) **उ.मा.शि.प. का सह-सचिव श्री नारायण प्रसाद कोइराला** :- मिति २०६८/०१/२१ गते ११:४३ बजे मेरो मोवाइलमा प्रश्नपत्र बाहिरिएको भनी SMS आएको थियो । त्यो SMS लाई धेरै गम्भिरतापूर्वक लिइएन तर करिव ३:३० बजे परिषद्को हलमा हिसानका पदाधिकारीहरु डेलिगेशन रुपमा आउनुभएको रहेछ । निज प्रतिनिधीहरुसंग छलफल गर्दा उक्त विषयमा गम्भिरतापूर्वक कुरो उठाएपछी तुरुन्त उपाध्यक्षलाई सम्पर्क गरी तत्कालै काठमाण्डौ फर्किन आग्रह गरका हौँ भनि आफ्नो व्यहोरा समिति समक्ष लेखाएको ।

(न) **भ.पु.जि.थिमी न.पा. वडा नं. ३ बस्ने सेन्ट जेभियर्स कलेजमा अध्ययनरत सुयोग श्रेष्ठ** :- भौतिकशास्त्र विषयको परीक्षा हुनुभन्दा एकदिन अगावै मिति २०६८/०१/२० गते राती गोल्डेनगेट कलेजमा अध्ययन गर्ने मेरो साथी आकाश यादवले रु १०००।- सौर्य उ.मा.वि. सिनामंगलका तेज प्रकाश भट्टराईलाई दिएको र निजले प्रश्नपत्र ल्याईदिएपछि फोनमा टिपाइदिने कुरा गरेका हुँदा सोही राति तेज प्रकाश भट्टराईले फोनबाट प्रश्नपत्र टिपाउने काम गरेका हुन् । उसले भने बमोजिम मैले प्रश्नपत्र टिपेको थिएँ । मैले टिपेजति सबै प्रश्नहरु परीक्षामा आएका थिए भनि समिति वयान लेखाएको ।

(प) **का.जि.किर्तिपुर न.पा. ट्याङ्लाफाँट बस्ने परीक्षा संचालक समितिका सदस्य विजय सिलवाल** :- मिति २०६८/०१/२२ गते परीक्षा संचालक समितिको बैठकमा भौतिकशास्त्रको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा थाहा भयो । त्यस सम्बन्धमा छानविन समिति गठन गरी सत्य तथ्य पत्ता लगाउनु पर्छ भनी सुझाव दिएको थिएँ । दोषीलाई कडा कार्यवाही गर्न पर्छ । प्रश्नपत्र वितरण System मा ध्यान दिनुपर्छ । Pvt. Campus का Teacher हरुभन्दा सामुदायिक विद्यालयका शिक्षकलाई परीक्षाका विभिन्न कार्यहरुमा बढी भन्दा बढी संलग्न गराउनु पर्छ । परीक्षक, संपरीक्षक, Moderation हरुमा बढी अनुभवी, दक्ष र योग्य भएकोतर्फ ध्यान दिनु पर्छ भनि समिति समक्ष लेखाइदिएको ।

(फ) **का.जि.का.म.न.पा.बत्तिसपुतली बस्ने गोल्डेनगेट उ.मा.वि.का कार्यकारी प्रमुख श्री रमेश कुमार सिलवाल** :- भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा हाम्रो

उ.मा.वि.का दुईजना विद्यार्थी पनि संलग्न भएको भन्ने बारेमा पत्रपत्रिकामा आएको र संलग्न भनिएका बाबुराम र सोनाम लामासंग टेलिफोन सम्पर्क गर्दा निजहरुले आफुले प्रश्नपत्र नपाएको जानकारी दिए र प्रश्नपत्र बाहिरिएको सम्बन्धमा संस्थागतरुपमा हाम्रो संलग्नता नभएको भनि समिति समक्ष सुझाव सहित आफ्नो व्यहोरा लेखिदिएको ।

(ब) **हिमालयन ह्वाइट हाउस उ.मा.वि.का प्राचार्य/प्रमुख कार्यकारी युवराज शर्मा (सिवाकोटी)**:- भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको बारे हिसान प्राज्ञिक सचिव डा. शिवदत्त ज्ञवालीबाट बिहान ७:०० बजे जानकारी पाएँ, लगत्तै हिसानको केन्द्रीय कमिटिको मिटिङ् बसि भएको निर्णय बमोजिम उ.मा.शि.प.का उच्च पदाधिकारी एवं परीक्षा नियन्त्रकसंग समस्याबारे अवगत गराईयो । तत् पश्चात एक छानविन समिति गठन भएको थाहा पाएँ उक्त समितिले छिटो भन्दा छिटो प्रतिवेदन बाहिर ल्याओस भन्ने हाम्रो आग्रह छ । त्यसैगरी मिति २०६८/०१/२४ गते रिपोर्टर्स क्लवमा भएको पत्रकार सम्मेलनको सम्बन्धमा सो दिन युनिभर्सल एकेडेमी उ.मा.वि.मैतिदेवीले आयोजना गरको पत्रकार सम्मेलनमा हिसान महासचिवको हैसियतले कार्यक्रमको अन्तिम समयमा पुगी भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा जानकारी गराएको हो । पत्रकार सम्मेलन गरी कसैले नक्कली प्रश्नपत्र बाहिर गरेको छ भने सो छानविन हुन जरुरी छ, उक्त प्रश्नपत्र मैले देखाएको छैन भन्ने आफ्नो व्यहोरा समिति समक्ष लेखिदिएको ।

(भ) **उच्च माध्यमिक शिक्षा परिषद्का सदस्य-सचिवज्यू तथा परीक्षा संचालक समितिका सदस्य श्री भीमलाल गुरुङ** :- मिति २०६८/०१/२१ गते विहान ९:४० बजे परीक्षा नियन्त्रक दुर्गा प्रसाद अर्यालले मलाई टेलिफोन गरी कक्षा १२ को भौतिकशास्त्र विषयको प्रश्नपत्र सम्बन्धमा जानकारी गराउनु भएको हो । उक्त सूचना पाएपछि मैले तत्काल अधिराज्यभरिका परीक्षाकेन्द्रहरुको स्थिति बुझ्न परिषद्का सबै सम्पर्क कार्यालयका कार्यालय प्रमुखहरुसंग रिपोर्टिङ लिई तुरुन्त केन्द्रीय सुरक्षा समिति (परीक्षा सम्बन्धी) को बैठक बोलाई सोही दिन दिनको १२:०० शिक्षा मन्त्रालयका सचिवज्यूको कार्यकक्षमा बैठक बस्यो । उक्त बैठक पछी म परिषद्को कार्यालमा आएर हिसानका पदाधिकारीहरुसंगको बैठकमा सहभागी भएँ । बैठक कक्षबाटै परिषद्का उपाध्यक्ष तथा परीक्षा समितिका अध्यक्ष डा. हेम कुमार मिश्रलाई फोन गर्दा वहाँ परीक्षा अनुगमनको सिलसिलामा विरगञ्जबाट जनकपुर तर्फ गइरहनुभएको रहेछ । त्यहीँबाट काठमाण्डौ फर्कनका लागि वहाँलाई अनुरोध गरी मिति २०६८/०१/२२ गते विहान ६:०० बजे परीक्षा संचालन समितिको बैठक राखि छानविन समिति गठन भएको भनि यस समिति समक्ष लेखिदिएको ।

२.६ सूचनाका आधारमा प्राप्त भएका जानकारीहरु

(क) मिति २०६८/०१/२६ गते विभिन्न सञ्चार माध्यमद्वारा प्रकाशित एवं प्रशारित छानविन समितिको सूचनाका आधारमा प्रश्नपत्र बाहिरिएको सम्बन्धमा पेन्टागन कलेजका युवराज शाहीले २०६८/०१/२० गते राति विनोद बस्नेत भन्ने व्यक्तिमार्फत ७०००।- दिने सर्तमा भौतिकशास्त्रको प्रश्नपत्र प्राप्त गरी होस्टलमा बस्ने केही साथीहरुलाई समेत जानकारी गराएको भन्ने निजबाट खुल्न आएको छ । निज युवराज शाहीको कोठामा समेत खानतलासी गर्दा निज भौतिकशास्त्रको परीक्षामा सहभागी हुँदा प्राप्त गरको सक्कल प्रश्नपत्र बाहेक अन्य कुनै फोटोकपी वा हस्तलिखित प्रश्नपत्र प्राप्त नभएको तर अन्य होस्टलका विद्यार्थीहरुसंग बुझ्दा केही विद्यार्थीहरुले निजबाट प्रश्नपत्र पाएको भन्ने खुल्न आएको व्यहोरा अनुरोध गरी यस छानविन समिति समक्ष पेन्टागन कलेजबाट पत्र प्राप्त भएको ।

(ख) सौर्य एजुकेशनल नेटवर्कका कक्षा १२ का विज्ञान संकायका विद्यार्थी विष्णु विक्रम थापाले प्रश्नपत्र बाहिरिएको र निजले प्राप्त गरेको भनी यस समितिलाई लेखेर पठाएको पत्र फ्याक्सबाट प्राप्त हुन आएको । साथै उक्त उ.मा.वि.बाट मिति २०६८/०२/०५ मा भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको होहल्ला सम्बन्धमा विद्यार्थीहरु सँगै सोधखोज गर्दा यस उ.मा.वि.को कक्षा १२ मा अध्ययनरत छात्र विष्णुविक्रम थापाले उक्त विषयको प्रश्नपत्र मदन भण्डारी मेमोरियल कलेजमा पढ्ने साथीमार्फत हस्त लिखित प्रश्नपत्र पाएको हुँ भनी मौखिक जानकारी गराएको हुँदा सोही अनुसारको व्यहोरा जानकारीको लागि अनुरोध छ भन्ने व्यहोराको पत्र यस समितिलाई प्राप्त भएको ।

(ग) उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०६८/०१/२१ गते सञ्चालित कक्षा १२ को भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा यस कलेजका विद्यार्थी एकराज सापकोटाको संलग्नता रहेको भन्ने समाचार प्रकाशित भएकोमा यस कलेजको ध्यान आकृष्ट भएको छ । प्रश्नपत्र जस्तो संवेदनशिल विषयमा कुनैपनि विद्यार्थीको संलग्नता हुनु खेदजनक छ तथा यस सिलसिलामा कलेजको नाम जोडिन आएकोमा कलेजको सो प्रकरणमा कुनै पनि किसिमको संस्थागत संलग्नता नरहेको जानकारी गराउदछु । निज विद्यार्थीमाथि उचित छानविन गरी हदै सम्मको सजायको भागिदार बनाउनु पर्छ भन्ने कलेजको मान्यता रहि आएको छ । उक्त विद्यार्थी हाल कलेजको सम्पर्कमा नरहेकोले प्रश्नपत्र बाहिरिएको सम्बन्धमा थप जानकारी प्राप्त गर्न नसकिएको व्यहोराको मदन भण्डारी मेमोरीयल कलेज नयाँवानेश्वर बाट मिति २०६८/०२/०५ च.नं. १७२/०६७/६८ को पत्रबाट जानकारी हुन आएको ।

(घ) यस उ.मा.वि.मा व्यवस्थापन समूह अन्तरगत अध्ययनरत विद्यार्थी विर्ख महतको नाम प्रश्नपत्र बाहिरिएको सम्बन्धमा जोडिई समाचार प्रकाशित भए पछि निज संग सम्पर्क गरी सत्य तथ्य बुझ्ने प्रयास गर्दा सम्पर्कहुन नसकेको तथा निज पूर्णतः अनुशासनहीन तथा परीक्षाको मर्यादा विपरीत कार्य गरेको भन्ने समाचार आएकोले निजलाई उच्च माध्यमिक शिक्षा परिषद् परीक्षा ऐन अनुसार सजाय भएमा हाम्रो कुनै आपत्ति नहुने भनि न्यू समिट उ.मा.वि.बाट मिति २०६८/०२/०५ गते पत्र प्राप्त भएको ।

(ङ) प्राइम इन्टरनेशनल उ.मा.वि.का प्राचार्य नरेश प्रसाद श्रेष्ठ स्वयम् मिति २०६८/०२/०५ गते का दिन यस समिति समक्ष उपस्थित भई उक्त उ.मा.वि.का विद्यार्थी आयुस मानन्धरको संलग्नता रहेको भनी पत्रपत्रिकामा प्रकाशित समाचारलाई खण्डन गर्दै प्रश्नपत्र बाहिरिएको भन्ने सम्बन्धमा निजको कुनै संलग्नता नरहेको जानकारी गराउनुभयो । साथै प्रश्नपत्रको छपाई र यसको गोपनियता बारे निम्न उपायहरु अपनाउन सकिने तर्फ छानविन समितिको ध्यानाकर्षण गराउन निम्न सुझावहरु दिनुभएको छ ।

(१) कुनै एक व्यक्तिको एउटै सेट प्रश्न नसोधी प्रश्न बैंक बनाई यसबाट समूहगत रुपमा छानी प्रश्नपत्र बनाउने,

(२) छपाई गर्दा सुरक्षण प्रेसमानै छपाई गर्ने,

(३) प्रश्नपत्र पठाउँदा सोही दिन मात्र परीक्षा केन्द्रमा पुऱ्याउनु पर्ने,

(४) प्रश्नपत्रको प्याकेट उ.मा.शि.प.को प्रतिनिधिको रोहवरमा खोल्ने अनिवार्य व्यवस्था गर्ने,

(५) प्रश्नपत्र बाहिऱ्याउने काम गर्ने व्यक्ति वा संस्थालाई कडा कानूनी कारबाहीको व्यवस्था गर्ने,

(६) केन्द्राध्यक्षलाई बढी जिम्मेवार र अधिकारयुक्त बनाउने,

(७) प्रश्नपत्र बाहिरिएमा वा यस सम्बन्धी हल्ला चलेमा विद्यार्थी र सर्वसाधारणलाई त्यसबारे सही जानकारी दिनुपर्ने,

(८) केही उ.मा.वि.हरुका शिक्षक प्रश्नपत्र निर्माण र परीक्षामा संलग्न भएकोले र आफ्नो विद्यार्थीलाई प्रश्नपत्र दिने उ.मा.वि.र शिक्षकलाई कारवाही वा निलम्बन गर्ने,

(९) अन्य विश्वविद्यालयमा संलग्न प्राध्यापकहरुलाईनै उ.मा.शि.प.ले प्रश्नपत्र निर्माणमा बढी प्रयोग गर्ने गरेको उनीहरु उ.मा.शि.प. जिम्मेवार नहुने गरेकोले उ.मा.शि.प.ले आफ्ना जनशक्ति प्रयोग गर्नुपर्ने र

(१०) उ.मा.वि.हरुमा प्रतिस्पर्धा भएकाले स्पष्ट नीति नियम तर्जुमा गरी कडाईका साथ लागू गर्नुपर्ने ।

(च) क्यास्पियन कलेजका तीर्थ पोखरेल (मोवाइल नं.९८५१०००४२२) संग सम्पर्क गर्दा पत्रपत्रिकामा सम्प्रेषण भएका रञ्जित जैसवाल त्यसै कलेजका विद्यार्थी हुन । भौतिकशास्त्र विषयको परीक्षा समाप्त भएपछि प्रश्नपत्र बाहिरिएको सम्बन्धमा थाहा भएको, पछि विद्यार्थीहरुलाई सोधपुछ गर्दा केही विद्यार्थीलेमात्र उक्त प्रश्नपत्र प्राप्त गरको, बहुसंख्यकले प्राप्त नगरको जानकारी गराउनु भयो ।

(छ) सि.सि.आर.सि. उ.मा.वि.का हरिश्चन्द्र लामिछाने (मोवाइल नं.९८५१०३८१३६) संग सम्पर्क गर्दा साहिल नाम गरेको व्यक्तिबाट उक्त कलेजको क्यान्टिन सञ्चालन नभएको, सो नाम भएका व्यक्तिको कलेजको छेउछाउ दोकान समेत नभएको, होस्टेलमा बस्ने विद्यार्थीहरुको संख्या न्यून रहेको, उक्त बाहिरिएको भनिएको प्रश्नपत्रको सम्बन्धमा परीक्षा समाप्त भएपछि मात्र थाहा पाएको, आधि विद्यार्थीले प्रश्नपत्र प्राप्त गरेको र आधि विद्यार्थीले प्रश्नपत्र प्राप्त नगरेको जानकारी परीक्षा सम्पन्न भएपछि आफुलाई थाहा भएको भनि टेलिफोन मार्फत समितिलाई जानकारी गराउनु भयो ।

(ज) न्यूटन कलेजको सम्बन्धमा यस छानविन समितिले पत्ता लगाउदै जाँदा उच्च माध्यमिक शिक्षा परिषद् काठमाण्डौ कार्यालयका प्रमुख जंग बहादुर अर्यालबाट न्यूटन कलेज उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त नभएको भन्ने जानकारी गराउनु भएकोले थप बुझ्ने काम गरिएन ।

(झ) क्याम्ब्रिज कलेज कलंकीका शिक्षक कृष्ण प्रसाद पाण्डे (मोवाइल नं. ९८४१३१०७८९) संग सम्पर्क गर्दा पत्रपत्रिकामा संप्रेषण गरिएका क्याम्ब्रिजका सञ्जय चौधरी नामक विद्यार्थी आफ्नो कलेजको नभएकोले सो सम्बन्धमा थाहा छैन, त्यस्ता कार्यमा संलग्न रहेकाहरुलाई कडा भन्दा कडा कारवाही गर्नु पर्दछ भन्ने सुझाव सहित टेलिफोनबाट जानकारी गराउने कार्य भयो ।

(ञ) जिल्ला प्रशासन कार्यालय काठमाण्डौका प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मी प्रसाद ढकालसंग सम्पर्क गरी समितिको कार्यालयमा उपस्थित भईदिनकोलागि अनुरोध गर्दा उच्च माध्यमिक शिक्षा परिषद्को परीक्षा संचालक समितिद्वारा गठित छानविन समिति समक्ष उपस्थित भई लिखित जानकारी गराउन आफ्नो पदिय हैसियतबाट नमिल्ने सो बमोजिमको कार्य गर्नको लागि गृह मन्त्रालयको स्विकृती लिनुपर्ने भनि भन्नुभएको हुँदा

मिति २०६८/०२/०६ गते महानगरिय प्रहरी आयुक्तको कार्यालयमा समितिका संयोजक तथा सदस्यहरु उपस्थित भई मौखिक जानकारी माग्दा उक्त समयमा आफु विदेशमा रहेको, परीक्षा समन्वय समितिको गठन मन्त्रीस्तरीय निर्णयबाट भएको भएतापनि जिल्ला शिक्षा अधिकारीले कुनै पनि प्रकारको समन्वयकारी भूमिका निर्वाह नगरेको, सरोकारवाला उच्च माध्यमिक शिक्षा परिषद्को तर्फबाट समेत परीक्षा समन्वय समितिको बैठक राख्नको लागि कुनै पहल नभएको भनि समिति लाई जानकारी गराएको ।

(ट) मिति २०६८/०२/०६ गते महानगरीय आयुक्तको कार्यालयमा उपस्थित हुनु भएका प्रहरी उपरीक्षक श्री केदार रिजालसंग जानकारी माग्दा लिखित जानकारी दिनको लागि गृह मन्त्रालयको अनुमती चाहिनेहुँदा घटनाको मौखिक जानकारी गराउन आफु तयार रहेको भनी घटना विवरण टिपाउने कार्य गर्नु भयो । वहाँका अनुसार परीक्षा समन्वय समितिको आफु सदस्य रहेको, परीक्षा समन्वय समितिले एउटा वैठक गरेको, परीक्षा सुरु हुने मिति तथा परीक्षाकेन्द्रको बारेमा आफुलाई जानकारी गराउने कार्य नभएको, एउटा बैठकमा उपस्थित भएबापत ४०० रुपैयाँ पारिश्रमिक बापत प्राप्त गरेको, परिषद्को तर्फबाट कुनै पनि प्रकारको समन्वयकारी भूमिका निर्वाह नगरेको भन्ने कुराको जानकारी गराएको ।

(ठ) मिति २०६८/०२/०७ गते समितिको कार्यालयमा उपस्थित भई घटनाको सम्बन्धमा जानकारी गराईदिनका लागि काठमाण्डौ जि.शि.अ.लाई अनुरोध गरिएकोमा आफ्नो कार्यव्यस्तताका कारण समितिको कार्यालयमा उपस्थित भई जानकारी दिनका लागि असमर्थ रहेको भन्नु भएको हुँदा परीक्षा समन्वय समितिको सदस्य-सचिवको हैसियतले परीक्षाको मर्यादा र निष्पक्षता कायम गर्नका लागि के-कस्तो भूमिका निर्वाह गर्नु भयो ? परीक्षा समन्वय समितिको बैठक किन एक पटक मात्र राख्नुभएको हो ? परीक्षा समन्वय समितिको लागि परिषद्को तर्फबाट उपलब्ध गराईएको रकमको समुचित सदुपयोग कसरी हुन नसकेको हो ? उक्त कुरा समितिलाई जानकारी हुन सकेन ।

परिच्छेद- ३

३.१ छानविन समितिको तर्फबाट गरिएका काम कारवाहीहरु

(क) भौतिकशास्त्र विषयको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा सूचना एवं जानकारी प्रदान गरी सहयोग गरिदिनुहुन विभिन्न सञ्चार माध्यमहरुबाट सार्वजनिक सूचना प्रवाह गरेको ।

(ख) मिति २०६८/०१/२१ गते संचालित कक्षा १२ को Physics विषयको प्रश्नपत्र बाहिरिएको भनी यूनिभर्सल कलेज मार्फत परीक्षा नियन्त्रकलाई जानकारी हुँनासाथ उक्त केन्द्रमा गई बाहिरिएको भनिएका हस्तलिखित प्रश्नपत्र प्राप्त भएपश्चात परीक्षा नियन्त्रण कार्यालयबाट प्रश्नपत्रहरु राखिएका सवै सुरक्षा निकायमा टोली खटिई गई के-कस्ता कमी कमजोरीहरु फेला पारिएका थिए सो सम्बन्धमा जानकारी लिने काम गरियो साथै उक्त बाहिरिएको भनिएका हस्तलिखित प्रश्नपत्र परीक्षा नियन्त्रकमार्फत यस छानविन समितिमा प्राप्त गर्ने कार्य गरियो ।

(ग) मिति २०६८/०१/२१ गते राती महानगरीय प्रहरी प्रभाग पुल्चोक ललितपुरमा प्रश्नपत्र सहितको निष्ट उ.मा.वि.को राखिएको बाकस अस्तव्यस्त अवस्थामा फेला पारी सिलबन्दी गरी राखिएका उक्त बाकस महानगरीय प्रहरी परीसर जावलाखेल ललितपुरमा गई सिलबन्दी लाहाछाप खोली बाकस भित्र रहेका प्रश्नपत्रहरुको पोका हेर्ने क्रममा उक्त बाकस खोली हेर्दा निम्नानुसार रहेको पाईयो :

(अ) बाकसको बाहिर ७२३ त्यसको मुनी निष्ट लेखी बाकसलाई तीन वटा लाहाछाप लगाई ताल्चा सहितको सिलवन्दी गरी राखिएको कालो रंगको बाकस सुरक्षित अवस्थामा रहेको पाईयो ।

(आ) बाकस खोली हेर्दा २२, २३, २६, २७, २८, २९ र ३० गतेका प्रश्नपत्रहरु कपडाको पोकामा नभई प्लाष्टिकमा बेरेर खामभित्र सुरक्षित साथ राखिएको अवस्थामा पाइयो ।

(इ) मिति २०६८/०१/२५ गते संचालन हुने Sub Code : 226 (Economics) विषयको प्रश्नपत्र राखिएको खाम च्यातिएको अवस्थामा पाइएकोले सो को नाप गरी हेर्दा डेढ इन्च खाम च्यातिएको पाइएको हुँदा उक्त खामलाई सबैजनाको रोहवर खोली हेर्दा निम्नानुसार भएको पाइयो :-

(i) रातो रंगको कागज भित्र मूल प्रश्नपत्र एक फोल्ड गरी राखिएको अवस्थामा पाइयो ।

(ii) उक्त रातो रंगको कागज भित्र रहेको मूल प्रश्नपत्र निकाली गन्ती गर्दा खाममा लेखिएको संख्या बरावर नै प्रश्नपत्र को संख्या २५ रहेको पाइयो ।

(ई) उक्त खाममा पुनः प्रश्नपत्र सोही अवस्थामा राखी लाहाछाप लगाई सिलबन्दी गरी २५ गतेका दिन संचालित हुने परीक्षाका अन्य सुरक्षित खामबन्दी प्रश्नपत्र सँगै राखियो ।

(उ) पुनः सम्पूर्ण प्रश्नपत्रहरु सोही बाकसमा राखी ताल्चा लगाई लाहाछाप गरी सिलबन्दी गरियो ।

(घ) http://www.edusanjal.com/n मार्फत facebook मा HSEB को News Section अन्तरगत Physics विषयको प्रश्नपत्र Post गरिएको थाहा पाई Download गरी प्रिन्ट गरी के कसो भएको हो ? कसरी यहाँ राखिन गयो भन्ने सन्दर्भमा उक्त समाचार राख्ने व्यक्ति त्यस संस्थाका प्रबन्ध निर्देशक टंकेश्वर आचार्यलाई यस समितिको कार्यालयमा उपस्थित गराई सोधपुछ गर्ने काम गरियो । निजसंगको सोधपुछबाट प्राप्त भएका जानकारीलाई यस समितिमा रहेका श्री दिनेशदेव पन्त एवं आमन्त्रित प्राविधिक विज्ञ श्री रमेश प्रसाद जोशीबाट पुष्ट्याईका आधारहरु सम्बन्धमा छलफल गरी जानकारी प्राप्त गर्ने कार्य गरियो ।

(ङ) यस छानविन समितिले आफ्नो कार्य गरिरहेका क्रममा मिति २०६८/०२/०१ का दिन केन्द्रीय अनुसन्धान ब्यूरो (CIB), प्रहरी प्रधान कार्यालय नक्सालमा गई अनुसन्धानका लागि थप जानकारी प्राप्त गर्ने निर्णय गरेबमोजिम उक्त ब्यूरोका प्र.ना.म.नि. श्री राजेन्द्रसिँ भण्डारीसंग छलफल गरी हाम्रो कार्यमा सहयोग गरिदिन आग्रह गर्दा प्रश्नपत्र बाहिरिएको सन्दर्भमा ब्यूरोबाट भएका प्रगतिको सम्बन्धमा जानकारी गराउनु भयो ।

उक्त जानकारीका आधारमा विभिन्न उ.मा.वि.हरुको समेत संलग्नता भएको हुनसक्ने जानकारी प्राप्त गरियो ।

(च) केन्द्रीय अनुसन्धान ब्यूरोबाट प्राप्त जानकारी अनुसार पुनः छानविन समितिको बैठक बसी महानगरीय प्रहरी परिसर हनुमानढोकामा गई थप जानकारी प्राप्त गर्ने निर्णय गरियो । उक्त निर्णय बमोजिम मिति २०६८/०२/०२ गते बिहान १०:०० बजे उक्त परिसरमा गई प्रहरी नायव उपरीक्षक लालमणी आचार्यसंग छलफल गर्दा जिलेट उ.मा.वि. कालिमाटी, काठमाण्डौका सहायक केन्द्राध्यक्ष रुद्र अधिकारीले प्रश्नपत्र परीक्षा संचालन हुने दिन भन्दा एक दिन अगावै लैजाने गरेको बयान गरेको भन्ने जानकारी लिने कार्य गरियो ।

(छ) मिति २०६८/०२/०२ गते विहान ११:३० बजे बसेको छानबिन समितिको बैठकबाट महानगरीय प्रहरी परिसर हनुमानढोकाबाट प्राप्त जानकारी बमोजिम जिलेट उ.मा.वि. रविभवन, काठमाण्डौका केन्द्राध्यक्ष, पर्यवेक्षक, महानगरीय प्रहरी वृत्त कालिमाटीका भण्डारे लगाएतका अन्य सम्बन्धित व्यक्तिहरुलाई यस छानविन समितिको कार्यालयमा उपस्थित गराई सोधपुछ गर्ने निर्णय गरियो । उक्त निर्णय बमोजिम सोही दिन समितिको कार्यालयमा उपस्थित गराई सोधपुछ गर्ने कार्य गरियो ।

(ज) महानगरीय प्रहरी प्रभाग कमलपोखरीमा राखिएका प्रश्नपत्रहरु दैनिक रुपमा बुझी लिई गरेको भरपाई मध्येका युनिभर्सल कलेज मैतिदेवी, नन्दी रात्री मा.वि.नक्साल काठमाण्डौ एवं निक उ.मा.वि.डिल्लीबजार काठमाण्डौका केन्द्रध्यक्षले प्रश्नपत्र बुझीलिई गरेको भरपाईको फोटोकपी उक्त प्रभागबाट मगाउने काम गरियो ।

(झ) निस उ.मा.वि.का केन्द्राध्यक्ष, पर्यवेक्षक तथा प्रश्नपत्र बुझी लैजाने व्यक्तिहरु समेतलाई छानविन समितिमा उपस्थित गराउने निर्णय गरियो ।

(ञ) परीक्षा रद्ध गर्नु पर्दा भएका लागतलाई विगो कायम गर्नुपर्ने हुनसक्ने सम्भावनालाई ध्यानमा राखि खर्चको विवरणको जानकारी उपलब्ध गराउने सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरलाई मिति २०६८/०२/०५ मा पत्राचार गरियो । सो सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरबाट परिषद्लाई पुग्न गएको हानी नोक्सानी वापतको रकमका सम्बन्धमा प.स. २०६७/६८ च.नं. प.आ.गोप्य ३१५ बाट लागत स्टिमेटको विवरण प्राप्त भएको र उक्त लागत स्टिमेटमा रकम रु. ६९,००,०००।- अक्षरेपी रुपैया उनान्सत्तरी लाख लाग्ने देखिएको हुँदा उक्त रकमलाइ नै परिषद्लाई पुग्न गएको हानी नोक्सनी वापतको रकम भनि यकिन गर्नुपर्ने अवस्था देखियो ।

३.२ समितिको निष्कर्षः

(क) उच्च माध्यमिक शिक्षा परिषद्को परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०६८/०१/२१ गते संचालित कक्षा १२ को भौतिकशास्त्र (Physics) विषयको प्रश्नपत्र बाहिरिएको भनि आफुलाई प्राप्त भएको प्रश्नपत्र र प्रश्नपत्र दिने व्यक्तिको नाम समेत उल्लेख गरी युनिभर्सल उ.मा.वि.मैतिदेवीका केन्द्राध्यक्ष डा. शिवदत्त ज्ञवालीबाट परीक्षा नियन्त्रक दुर्गा प्रसाद अर्याललाई विहान ७:०३ बजे जानकारी गराएको देखिन्छ ।

(ख) समितिको तर्फबाट उक्त विद्यालयको निरीक्षण गर्दा सो विद्यालयमा फोटोकपी, फ्याक्स, टेलिफोन, सवारी साधन र पर्याप्त जनशक्ती रहेको देखिन्छ । प्रश्नपत्र बाहिरिएको भनि सूचना दिने व्यक्ति यस परिषद्को काठमाण्डौ कार्यालयद्वारा नियुक्त केन्द्राध्यक्ष भएको हुँदा परीक्षा नियन्त्रकलाई भौतिकशास्त्रको प्रश्नपत्र बाहिरिएको भनि सूचना दिने व्यक्ति आधिकारीक र जिम्मेवार रहेको देखिन्छ । यसरी परिषद्द्वारा नियुक्त केन्द्राध्यक्षद्वारा आधिकारीक रुपमा प्रश्नपत्र बाहिरिएको भनि परीक्षा नियन्त्रकलाई जानकारी प्राप्त पछि उक्त प्रश्नपत्र फ्याक्स मार्फत परीक्षा नियन्त्रण कार्यालयमा झिकाउने वा उक्त केन्द्रमा खटिएका सुरक्षाकर्मीको रोहवरमा मुचुल्का खडा गरी प्राप्त भएको पश्नपत्र सिलबन्दी गर्न लगाई परीक्षा नियन्त्रण कार्यालयमा पठाउन निर्देशन दिनुपर्ने, परीक्षा संचालक समितिको अध्यक्षलाई सूचनाको जानकारी प्राप्त भए लगत्तै उक्त कुरा अवगत गराउने र परीक्षा संचालक समितिको बैठक राख्न लगाउनु पर्ने दायित्व परीक्षा नियन्त्रक एवं परीक्षा संचालक समितिका सदस्य-सचिव दुर्गा प्रसाद अर्यालको भएकोमा उक्त कुनैपनि कार्य परीक्षा नियन्त्रकबाट भएको देखिएन ।

(ग) भौतिकशास्त्रको प्रश्नपत्र बाहिरिएको भनि सूचना प्राप्त भएपछि परीक्षा समितिका अध्यक्ष तथा सदस्यहरुलाई कुनै थाह जानकारी नदिई परीक्षा नियन्त्रक स्वयम् उक्त परीक्षाकेन्द्रमा पुगी बाहिरिएको भनि उक्त केन्द्रका केन्द्राध्यक्षले सोही उ.मा.वि.मा. अध्ययन गर्ने सिद्धान्त भुजेल मार्फत प्राप्त गरको प्रश्नपत्र ल्याउने कार्य गर्नु भएको र उक्त केन्द्रका केन्द्राध्यक्ष डा. शिवदत्त ज्ञवालीलाई छानविन समितिको कार्यालयमा उपस्थित गराई सक्कल प्रश्नपत्र तथा परीक्षा नियन्त्रकद्वारा प्राप्त हस्तलिखित प्रश्नपत्र देखाई सोधपुछ गर्दा आफुले सिद्धान्त भुजेल मार्फत प्राप्त गरी परीक्षा नियन्त्रकलाई दिएको प्रश्नपत्र सोही भएको भनि लिखित जानकारी गराउने कार्य गर्नुभएको र परीक्षा नियन्त्रक श्री दुर्गा प्रसाद अर्याललेछानविन समिति समक्ष उपस्थित भई दिएको लिखित जानकारी समेत उक्त कुरालाई स्विकार गर्नुभएकोहुँदा भौतिकशास्त्रको प्रश्नपत्र परीक्षा संचालन हुनपूर्वनै बाहिरिएको भन्ने प्रश्नपत्रको विषयमा विवाद देखिएन ।

(घ) उक्त प्रश्नपत्रको गोपनियता भंग गर्ने तथा बाहिऱ्याउने कार्यमा परीक्षा नियन्त्रक तथा परीक्षा नियन्त्रण कार्यालयमा कार्यरत कर्मचारीहरुको संलग्नता नदेखिएतापनि परीक्षा नियन्त्रकको कर्तव्य परीक्षा संचालन गर्नुमात्र नभई परीक्षाको शुद्धता, निष्पक्षता र मर्यादा कायम गर्नु समेत हुन्छ । परीक्षाको मर्यादा विपरित प्रश्नपत्रको गोपनियता भंग भएको भनि परिषद्द्वारा नियुक्त केन्द्राध्यक्षबाट सूचना प्राप्त भएपछि उक्त कुराको सूचना परीक्षा समन्वय समिति, परीक्षा संचालक समितिलाई जानकारी गराई परीक्षा समितिको वैठक बोलाई तत्काल निर्णय गराउनेतर्फ पहल गर्नुपर्नेमा उक्त कुनैपनि कार्य भएको नदेखिँदा परीक्षा नियन्त्रकको कार्य प्रभावकारी रहेको देखिदैन ।

(ङ) युनिभर्सल उ.मा.वि.मैतिदेवी परीक्षा केन्द्रका केन्द्राध्यक्ष डा. शिवदत्त ज्ञवाली मार्फत परीक्षा नियन्त्रक र परीक्षा नियन्त्रक मार्फत छानबिन समितिलाई प्राप्त भएको कक्षा १२ को भौतिकशास्त्रको प्रश्नपत्र र मुल प्रश्नपत्र भिडाई हेर्दा शतप्रतिशत प्रश्नपत्र मिलेको र उक्त प्रश्नपत्र को कसको प्रयासबाट बाहिरिएको हो ? भन्ने कुरालाई आधार मानि केन्द्रीय अनुसन्धान ब्युरो (CIB) द्वारा प्रकाशित प्रेश विज्ञप्ती, भिडियो क्लिप्स विभिन्न सञ्चारमाध्यमद्वारा प्रकाशित तथा प्रशारित समाचार, परीक्षासंग सम्बन्धित विद्यार्थी, अभिभावकहरुद्वारा समितिलाई गराईको जानकारी, विभिन्न उ.मा.वि.हरुबाट समितिलाई फ्याक्स मार्फत प्राप्त भएका जानकारीहरुलाई आधार मानी अनुसन्धान गर्दा परिषदको काठमाण्डौ कार्यालयबाट जिलेट आ.उ.मा.वि. कालिमाटीका प्राचार्य (संचालक) नेत्र बहादुर लिम्बुलाई मिति २०६८/०१/०६ गते सोही उ.मा.वि.केन्द्रको केन्द्राध्यक्षमा नियुक्ति गर्ने कार्य भएको देखिन्छ । उक्त केन्द्रका केन्द्राध्यक्ष निज लिम्बुले सोही आवासिय विद्यालयमा कार्यरत co-ordinator झापा जिल्ला तोपगाछी गा.वि.स.वार्ड नं. ७ घरभई हाल रविभवन काठमाण्डौमा डेरा गरी बसेका र हाल केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको टोलीले गिरफ्तार गरी महानगरिय प्रहरी परिसर हनुमानढोकामा थुनामा रहेको बर्ष ३७ को रुद्र अधिकारीलाई सहायक केन्द्राध्यक्ष नियुक्ति गर्ने कार्य गरेको, निज सहायक केन्द्राध्यक्षले सर्लाही जिल्ला हरिपुर गा.वि.स. घर भई काठमाण्डौ भोटेवहाल डेरागरी बस्ने बर्ष २४ को नरेन्द्र सुवेदीको सहयोगमा कालिमाटी वृतमा राखिएका प्रश्नपत्रहरु प्रहरी हवल्दार गुप्त बहादुर क्षेत्रीलाई झुक्याई परीक्षा संचालनहुनु भन्दा १ दिन अगाडी भौतिकशास्त्र (Physics), कम्प्युटर विज्ञान (Computer Science) तथा होटेल मेनेज्मेन्ट (Hotel Management) विषयका प्रश्नपत्रहरु बाहिऱ्याउने कार्य गरको देखिन्छ ।

(च) माथी उल्लेखित विषयका प्रश्नपत्रहरु बाहिरिने तथा उक्त प्रश्नपत्रहरु बेच बिखन कार्यमा को कसको संलग्नता छ भनि हेर्दा निस उ.मा.वि. केन्द्रका केन्द्राध्यक्ष डा.

त्रिनेत्रमान प्रधानाङ्गले अख्तियारी दिइ प्रश्नपत्र लिनको लागि महानगरीय प्रहरी प्रभाग पुल्चोक ललितपुरमा पठाईएका व्यक्तिहरुबाट असावधानी पूर्वक प्रश्नपत्रको थैला खोल्ने कार्य भएतापनि उक्त केन्द्रबाट प्रश्नपत्र बाहिरिएको देखिएन त्यसैगरी उच्च माध्यमिक शिक्षा परिषद्द्वारा नियुक्त जिलेट आवासिय उ.मा.वि.केन्द्रका केन्द्राध्यक्ष एवं उक्त विद्यालयका संचालक नेत्र बहादुर लिम्बुले परीक्षा संचालन गर्दा पालना गर्नु पर्ने कुनैपनि नियमहरु पालना नगरेको, प्रश्नपत्रका थैलाहरु तथा थैलाभित्र राखिएका खामहरु खोल्दा परिषद्द्वारा नियुक्त पर्यवेक्षक श्री तीर्थराज बराल-१, उक्त केन्द्रमा खटिएका सुरक्षाकर्मी-१ र आफ्नो संयुक्त दस्तखतमा प्रश्नपत्र प्याक गरिएका खामहरु खोल्नुपर्नेमा समितिले बरामद गरिल्याएका १२ वटा खामहरुमा कसैले दस्तखत नगरी प्रश्नपत्र राखिएका खामहरु खोल्न लगाउनु, भौतिकशास्त्र र होटेल मेनेज्मेन्टका प्रश्नपत्रहरु प्याक गरिएका खामहरु आफुले नदेखेको भनि समितिलाई लिखित एवं मौखिक जानकारी गराउनुले प्रश्नपत्रको गोपनियता भंग गराउने कार्यमा केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) बाट खटिएको अनुसन्धान टोलीद्वारा गिरफ्तार भई हाल थुनामा रहेका रुद्र अधिकारी, नरेन्द्र सुवेदी, सन्तोष कुँइकेलको मात्र संलग्नता नभई पर्यवेक्षक तीर्थराज बराल, केन्द्राध्यक्ष नेत्र बहादुर लिम्बुको समेत संलग्नता रहेको छैन भन्न सकिने अवस्था देखिएन ।

(छ) उच्च माध्यमिक शिक्षा परिषद्द्वारा संचालित कक्षा १२ को भौतिकशास्त्र विषयको प्रश्नपत्रमात्र बाहिरिने कार्य भएको नभई कम्प्युटर साइन्स र होटल मेनेज्मेन्ट विषयको प्रश्नपत्र समेत बाहिरिएको कुरा CIB द्वारा यस समितिलाई प्राप्त भएको भिडियो क्लिपबाट पुष्टि भएको हुँदा माथी उल्लेखित विषयको परीक्षा पुनः गर्नुपर्ने देखिदा रद्द गर्नु पर्ने परीक्षामा भएको खर्चको विवरण यकिन गर्नु पर्ने हुँदा उक्त खर्च रकम रु. ६९,००,०००।- अक्षरेपी रुपैया उनान्सत्तरी लाख यकिन हुन आएकोले यकिन हुनआएको रकम प्रश्नपत्र बाहिऱ्याउने कार्यमा संलग्न व्यक्तिहरु जिलेट आ. उ.मा.वि. कालिमाटी काठमाण्डौका संचालक तथा केन्द्राध्यक्ष नेत्र बहादुर लिम्बु, सहायक केन्द्राध्यक्ष रुद्र अधिकारी, ऐ का शिक्षक नरेन्द्र सुवेदी र लापरवाहीपूर्ण कार्यमा संलग्न पर्यवेक्षक तीर्थराज बरालबाट असुल उपर गर्नुपर्ने देखियो ।

परिच्छेद-४

सिफारिस तथा सुझाव

४.१ **प्रश्नपत्रको गोपनियता भंग गर्ने कार्यमा संलग्न व्यक्तिलाई हुनु पर्ने कारवाहीको सिफारिस** :- उच्च माध्यमिक शिक्षा परिषद्द्वारा संचालित कक्षा १२ को प्रश्नपत्र अन्य प्रहरी बृत्त तथा प्रभागहरुमा राख्ने कार्य भए जस्तै प्रकृया अवलम्वन गरी प्रहरी बृत्त कालिमाटीमा कक्षा १२ का प्रश्नपत्रहरु राख्ने कार्य भएको, जिलेट आवासिय उच्च माध्यमिक विद्यालय परीक्षा केन्द्रमा परीक्षा संचालन गर्नका लागि विद्यालयका प्राचार्य तथा संचालक नेत्र बहादुर लिम्बुलाई परिषद्को तर्फबाट केन्द्राध्यक्ष नियुक्त गर्ने कार्य भएको, केन्द्राध्यक्ष नेत्र बहादुर लिम्बुले परिषद्बाट नियुक्त केन्द्राध्यक्षको हैसियतले ऐ विद्यालयका Coordinator रुद्र अधिकारीलाई सहायक केन्द्राध्यक्ष नियुक्ति गर्ने कार्य गरको । परिषद्बाट नियुक्त केन्द्राध्यक्ष परीक्षा संचालन गर्ने अख्तियार प्राप्त सार्वजनिक पद धारण गरेको व्यक्ति भएको र परीक्षा संचालन गर्ने अख्तियार प्राप्त केन्द्राध्यक्षबाट सहायक केन्द्राध्यक्षको नियुक्ति गरिएको देखिँदा सहायक केन्द्राध्यक्ष समेत सार्वजनिक पद धारण गरेको व्यक्ति देखिएको, केन्द्राध्यक्षले प्रश्नपत्रको गोपनियता भंग गर्ने कार्य गर्दा, गराउँदा उक्त उ.मा.वि.को कम्पाउण्ड, कक्षाकोठा, सभाहल, दराज र विषय शिक्षक कर्मचारीहरुको समेत प्रयोग गरिएको देखियो । परिषद्को तर्फबाट केन्द्राध्यक्षहरुलाई सु-सुचित गराउनको लागि मिति २०६८/०१/१३ गते आयोजित परीक्षा केन्द्र व्यवस्थापन गोष्ठीको आयोजना गरेको, उक्त गोष्ठीमा जिलेट आवासिय उ.मा.वि. परीक्षा केन्द्रका केन्द्राध्यक्ष निज नेत्र बहादुर लिम्बु स्वयम् उपस्थित हुनु भएको, मिति २०६८/०१/०६ गते केन्द्राध्यक्षलाई दिएको नियुक्तिपत्रको दास्रो पृष्ठमा केन्द्राध्यक्षले ध्यानदिनुपर्ने कुराहरु उल्लेख गरेको, प्रश्नपत्रका खामहरु प्याकिङ् गरेका प्रत्येक कपडाको थैलोहरुमा नोट भनि "यो प्याकेट परीक्षाका दिन विहान प्रहरी कार्यालयबाट परीक्षाकेन्द्रमा लैजादा केन्द्राध्यक्षले सुरक्षाकर्मीको साथ लैजानुहोला र विहान ६:३० बजे पछि मात्र केन्द्राध्यक्ष र सुरक्षाकर्मी सहित कम्तिमा ३ जनाको रोहवरमा खोल्नुहोला" भनि स्पष्ट निर्देशन दिएको देखिन्छ । परिषद्द्वारा जारी परीक्षा सम्बन्धी निर्देशिका, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष तथा पर्यवेक्षकको नियुक्ति पत्रको दोस्रो पृष्ठमा तोकिएको कानूनी कर्तव्य कसैबाट पनि निर्वाह नगर्नुले परीक्षा केन्द्रका केन्द्राध्यक्ष नेत्र बहादुर लिम्बु, सहायक केन्द्राध्यक्ष रुद्र अधिकारी, पर्यवेक्षक तीर्थ बरालले जानीजानी अनुचित फाइदा लिने र परिषद्लाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले बद्नियतपूर्ण तवरले उच्च माध्यमिक शिक्षा परिषदद्वारा संचालित कक्षा १२ को भौतिकशास्त्र (Physics) विषयको मात्र प्रश्नपत्र बाहिऱ्याउने कार्य गरेको नभई अन्य दुई

विषयहरु कम्प्युटर विज्ञान (Computer Science) र होटेल मेनेज्मेन्ट (Hotel Managemant) विषयको समेत प्रश्नपत्र कालिमाटी बृत्तका प्रहरी हवल्दार गुप्त बहादुर क्षेत्रीलाई झुक्याई परीक्षा हुने अघिल्लोदिन नै प्रश्नपत्र निकाली सन्तोष कुँइकेल तथा विनोद बस्नेतलाई प्रश्नपत्र बिक्रि गर्ने कार्य गरेको भन्ने कुरा CIB बाट प्राप्त जानकारी तथा भिडियो क्लिप्स्बाट देखिएको हुँदा यस परिषद्द्वारा सञ्चालित भौतिकशास्त्र , कम्प्युटर साइन्स र होटेल मेनेज्मेन्ट विषयहरुको परीक्षा रद्ध गरी पुनः परीक्षा लिन उपयुक्त देखिएकोले परीक्षा संचालक समितिलाई सिफारिस गरिन्छ ।

प्रश्नपत्रको गोपनियता भंग गर्ने कार्यमा संलग्न व्यक्तिहरुलाई के-कस्तो सजाय हुन उपयुक्त हुन्छ भनि हेर्दा जिलेट आवासिय उ.मा.वि.कालिमाटी केन्द्रका सहायक केन्द्राध्यक्ष झापा जिल्ला तोपगाछी गा.वि.स. वडा नं. ७, हाल रविभवन, काठमाण्डौ डेरा गरी बस्ने जिलेट आ.उ.मा.वि.का Coordinator भई हाल थुनामा रहेका रुद्र अधिकारी-१, ऐ का केन्द्राध्यक्ष नेत्र बहादुर लिम्बु-१, सर्लाही जिल्ला हरिपुर गा.वि.स. घर भई हाल काठमाण्डौ भोटेवहाल डेरा गरी हाल थुनामा रहेको वर्ष २४ को नरेन्द्र सुवेदी -१, काठमाण्डौ जिल्ला भद्रबास गा.वि.स. वडा नं. ३ घर भई हाल थुनामा रहेको वर्ष २३ को सन्तोष कुँइकेल-१, काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका ७ कुमारीगाल टुसाल घरभई हाल थुनामा रहेको वर्ष २१ को विनोद बस्नेत समेत जना ५ मध्ये ४ जना थुनामा रहेका र केन्द्राध्यक्ष नेत्र बहादुर लिम्बु थुना बाहिर रहेको हुँदा निज केन्द्राध्यक्षलाई समेत गिरफ्तार गरी शिक्षा ऐन २०२८ को दफा १७ (१) क बमोजिमको मागदावी लिई मुद्दा चलाउनका लागि सिफारिस गर्ने र उक्त मुद्दाबाट छुटीजाने स्थिति भएमा अभियुक्त मध्येका केन्द्राध्यक्ष नेत्र बहादुर लिम्बु-१, रुद्र अधिकारी-१ र लापरवाहीपूर्ण कार्यमा संलग्न पर्यवेक्षक तीर्थराज बराल-१ समेत जना ३ सार्वजनिक पद धारण गरेका व्यक्ति भएको हुँदा निजहरुको कार्य र संलग्नता एकिन गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १३ को कसूरमा ऐ ऐनको दफा १२ बमोजिम उक्त कार्यमा संलग्न व्यक्तिहरुको कार्यबाट परिषद्लाई पुग्न गएको हानी नोक्सानी रकम रु. ६९,००,०००।- अक्षरेपी रुपैया उनान्सत्तरी लाख समेत निजहरुबाट असुल उपर गराईलिने मागदावी लिई मुद्दा चलाउनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउन उच्च माध्यमिक शिक्षा परिषद्लाई सिफारिस गरिन्छ ।

४.२ समितिको सुझाव

(क) छानविन समितिको गठन प्रकृया तथा बुझ्न नसकिएका व्यक्ति तथा पदाधिकारीहरुको सम्बन्धमा :-

(अ) उच्च माध्यमिक शिक्षा परिषद्द्वारा संचालित कक्षा १२ को भौतिकशास्त्रको प्रश्नपत्र बाहिरिएको सम्बन्धमा परीक्षा संचालक समितिको मिति २०६८/०१/२२ गतेको निर्णय बमोजिम छानविन समिति गठन भएको र यस छानविन समितिले आफ्नो कार्यविधि आफैँ निर्धारण गर्ने अख्तियारी प्राप्त गरे तापनि परिषद्को परीक्षा संचालक समितिद्वारा गठित समितिले नेपाल सरकार शिक्षा मन्त्रालय अन्तरगत रहेका उच्च पदस्थ अधिकारीहरु तथा नेपाल सरकार गृह मन्त्रालय अन्तरगतका उच्च पदस्थ अधिकारीहरुलाई छानविनको दायरा भित्र ल्याई अनुसन्धान गर्न सक्ने अवस्था नभएको हुँदा यस प्रकृतिका समिति गठन गर्दा मन्त्रालय तहबाट समिति गठनहुनुपर्ने ।

(आ) परिषद्द्वारा संचालित परीक्षाको अनुगमन, निरीक्षण र समन्वय गर्नका लागि गठित परीक्षा समन्वय समितिका सदस्यहरु, उच्च पदस्थ प्रहरी अधिकारीहरु, प्रश्नपत्रको सुरक्षाको जिम्मेवारी प्राप्त गरेका सुरक्षाकर्मीहरु तथा थुनामा रहेका अभियुक्तहरुलाई छानविन समितिले आफ्नो दायरा भित्र ल्याई अनुसन्धान कार्य गर्न नसकेको हुँदा माथी उल्लेखित व्यक्तिहरुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा प्रहरी प्रधान कार्यालयको तर्फबाटै उपस्थित गराई थप छानविन गरी निजले आफ्नो पदिय जिम्मेवारी निर्वाह गरे नगरेको खुलाई आवश्यक कारवाही हुनुपर्ने ।

(ख) प्रश्नपत्र वितरण तथा सुरक्षा सम्बन्धमा

(अ) प्रश्नपत्र वितरण गर्दा प्रत्येक दिन परीक्षा संचालन हुनु भन्दा आधा घण्टा अगाडी मात्र केन्द्रमा पठाउने व्यवस्था लाई कडाइका साथ लागु गर्नु पर्ने,

(आ) प्रश्नपत्रका पोका/बाकसहरु सुरक्षाका लागि प्रहरी कार्यालयमा राख्दा व्यवस्थित र सुरक्षित राख्नका लागि प्रहरी र केन्द्रको वेग्लावेग्लै दुइवटा ताला लगाउन मिल्ने गरी व्यवस्था गर्ने,

(इ) प्रहरी कार्यालयको जिम्मेवारी र जवाफदेहिता बढाउनका साथै वितरण गर्दा ध्यान दिनुपर्ने चरण र विवरणहरुको Check List को बारेमा स्पष्ट हुने गरी निर्देशन तयार गरी दिनुपर्ने । अधिकृत तहको जिम्मेवारी लिने व्यक्ति तोक्नुका साथै उक्त जिम्मेवार व्यक्तिहरुलाई अभिमूखिकरण तलिम दिनु पर्ने ।

(ई) प्रहरी सुरक्षामा रहेका प्रश्नपत्रहरुको अवस्थाको निरन्तर जाँचबुझ र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाउने (अनुगमन निकायको स्पष्ट कार्यक्षेत्र र जिम्मेवारी उल्लेख गर्ने ।),

(उ) काठमाण्डौ उपत्यका भित्रका परीक्षा केन्द्रहरुका लागि प्रश्नपत्रहरु परीक्षा नियन्त्रण कार्यालयका प्रतिनिधीहरुको उपस्थितिमा मात्र वितरण गर्ने व्यवस्था गर्नुपर्ने,

(ऊ) परीक्षा केन्द्रमा प्रश्नपत्रका प्याकेट खोल्दा रोहवरमा अन्य व्यक्तिहरुका साथै केन्द्राध्यक्ष, पर्यवेक्षक, सुरक्षा निकायका प्रतिनिधीको अनिवार्य समय र मिति उल्लेख गरी हस्ताक्षर हुनुपर्ने,

(ग) प्रश्नपत्र निर्माण सम्बन्धमा

(अ) प्रश्नपत्र निर्माणमा संलग्न हुने प्रश्नपत्र निर्माणकर्ताहरुको पृष्ठभूमी -शैक्षिक योग्यता, अनुभव, संलग्नता आदिको आधारमा Rostar तयार गरी वेग्लावेग्लै सेट तयार गर्न दिनुपर्ने,

(आ) प्राश्निकहरुले तयार गरेका प्रश्नपत्रहरुबाट प्रश्नपत्र परिमार्जनकर्ताहरुले परिमार्जन र संसोधन (Moderation) गरी नयाँ सेटहरु तयार गर्नु पर्ने,

(इ) संभव भए सम्म प्राश्निक र परिमार्जनकर्ताहरु वेग्लावेग्लै व्यक्तिहरु रहनु पर्ने र एउटै व्यक्ति धेरै समयसम्म नरहने व्यवस्था मिलाउने,

(ई) प्रश्नपत्रहरु पुरानै ढाँचा, शैली, भाषा र तथ्याङ्कहरु समेत हुवहु मिल्ने गरि निर्माण गर्न नहुने,

(उ) कुनैपनि +२, १०+२ का संस्थापक र संचालकहरुलाई प्रश्नपत्र निर्माण, परिमार्जन र सम्परीक्षण कार्यमा संलग्न नगराउने ।

(ऊ) प्रश्नपत्र निर्माण, परिमार्जन र सम्परीक्षण कार्यको जिम्मेवारी दिंदा उक्त विज्ञलाई ०+२, १०+२ मा आफ्नो संलग्नता रहे नरहेको कबुल गर्न लगाई मात्र जिम्मेवारी दिने ।

(घ) सामुदायिक तथा नीजि उच्च माध्यमिक विद्यालयको सम्बन्धमा

(अ) उच्च माध्यमिक विद्यालयहरुविच हुने अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गर्न सम्बन्धन लिंदा परिषद्संग गरको प्रतिवद्धताको आधारमा एकैसमयमा कक्षा १ देखि १२ सम्मका कक्षाहरु संचालन गर्न लगाउनुपर्ने ।

(आ) उच्च माध्यमिक विद्यालयहरुमा अनुगमन प्रभावकारी बनाई सुधार गर्ने प्रकृया अपनाउने,

(इ) विद्यार्थीहरुले परीक्षाफलमा प्राप्त गरको अंक र प्रतिशतको आधारमा विद्यालयको गुणस्तरको मापन हने सामाजिक प्रचलन भएकाले उच्चतम अंक प्राप्त गर्ने होडमा अनुचित कार्य समेत हुने गर्दा मूल्याङ्कन पद्धतीमै परिवर्तन नगरी हालको अंक प्रणाली भन्दा अक्षर ग्रेड प्रणाली अवलम्बन गर्न उपयूक्त देखिन्छ,

(ई) प्रश्नपत्र बाहिरिएको विषयमा उ.मा.वि.हरुको संलग्नताको अध्ययन गर्दा विद्यालयको छात्राबासमा बस्ने विद्यार्थीहरुबाट पैसा उठाई प्रश्नपत्र खरिद गर्ने, एक आपसमा छलफल गर्ने र साथी भाईमा सूचना दिने जस्ता कार्य भएको देखिन्छ । उक्त घटनाको आधारमा विद्यालय जानकार नभएको भन्न नसकिने अवस्था देखिंदा उक्त विद्यालयहरुलाई सचेत गराउनु पर्ने देखिन्छ ।

(उ) केन्द्राध्यक्ष नियुक्ति गर्दा विद्यालयको प्राचार्यलाई नै केन्द्राध्यक्ष तोक्ने व्यवस्थाले समेत परीक्षा संचालनमा वेवास्ता र लापरवाही बढ्ने हुँदा विद्यालयभन्दा बाहिरैबाट केन्द्राध्यक्षहरु पठाउने व्यवस्था गर्नुपर्ने,

(ऊ) प्रश्नपत्र बाहिरिएको हल्लागरी प्रश्नपत्र बेचविखन गर्ने गिरोहका व्यक्तिहरुलाई नियन्त्रण गर्ने र कारवाही गर्ने र त्यस्ता प्रवृतिलाई निरुत्साहित गर्ने,

(ए) विगतमा भएको घटना (DAV) बाट सचेत भै सुधारको लागि प्रयास भएको भएतापनि सोही प्रकृतिका घटना दोहोरिनुले सुधार प्रयत्न प्रभावकारी नभएको देखिन्छ । साथै छानविन प्रतिवेदनबाट दोषी ठहर भएकाहरुलाई सजाय गर्नुका

सट्टा पुरस्कृत र सम्मान गरको देखियो, त्यस्ता कार्यले सुधारका प्रयासहरु समेत प्रभावित भएको देखिंदा छानविन समितिले दिएका प्रतिवेदन कार्यन्वयन गर्न सम्बद्ध निकायले उ.मा.शि.प.लाई निर्देशन दिनुपर्ने ।

(ऐ) सम्बन्धित विषयका शिक्षकहरुको अदृश्य संलग्नतामा विभिन्न गेसपेपर र गाईडहरु निस्कने प्रचलनले विद्यार्थीहरुको सृजनात्मक अध्ययनमा अवरोध पुऱ्याउनुका साथै परीक्षाको प्रश्नपत्रको बैधता र गुणस्तरमा समेत नकारात्मक असर पर्ने भएकाले त्यस्ता गाईड र गेसपेपरहरु प्रकाशनमा बन्देज लगाउनु पर्ने ।

(ङ) पर्यवेक्षक सम्बन्धमा

(अ) पर्यवेक्षकको जिम्मेवारी र भूमिकालाई स्पष्ट गरी प्रत्येक चरणमा गर्नुपर्ने कार्यको बुँदागत निर्देशन तयार गर्ने,

(आ) पर्यवेक्षक नियुक्त गर्दा उ.मा.शि.परिषद्संग सम्बद्ध वा जवाफदेही रहने व्यक्तिहरुको मात्र छनौट गरी जिम्मेवार बनाउनु पर्ने,

(इ) परीक्षा केन्द्रहरुमा खटिई गएका पर्यवेक्षकहरुको उपस्थिति र भूमिकाहरुलाई सुपरीवेक्षण गर्ने संयन्त्र र प्रणाली तयार गर्ने,

(ई) खटिइ गएका सुपरीवेक्षकको लापरवाही, कार्यकुशलताको अभाव र वद्नियत/मनसाय वा पदिय दुरुपयोग भएको अवस्थामा गरिनुपर्ने कार्यवाही र दण्ड सजायको स्पष्ट व्यवस्था गर्ने,

(उ) खटिई जाने सुपरीवेक्षकबाट दैनिक प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था गर्ने ।

(च) उच्च माध्यमिक शिक्षा परिषद्को व्यवस्थापन सम्बन्धमा

(अ) उच्च माध्यमिक विद्यालयहरु धेरै प्रतिस्पर्धी र व्यवसायी हुँदै जाँदा अस्वस्थ प्रतिस्पर्धा गर्ने र परिषद्का कर्मचारीहरुलाई दवाव र प्रभावमा पारी अनुचित फाइदा लिने प्रचलन बढ्दै गएको भन्ने गुनासो आउने गरकोले परिषद्का कर्मचारीहरुले उ.मा.वि.संगको सम्बन्ध कस्तो हुनुपर्छ भन्ने बारेमा अचार संहिता बनाई अनुशासित बनाउनु पर्ने देखिन्छ ।

(आ) परीक्षा संचालक समितिका पदाधीकारिहरु बिच समन्वयको अभाव र जवाफदेहिताको अस्पष्टता, जिम्मेवारी निर्वाहको कमी र कार्य विभाजनमा स्पष्टता नभएकोले उक्त पक्षमा समेत ध्यान पुऱ्याउनु पर्ने देखिन्छ,

(इ) प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित परीक्षा समन्वय समिति ले आफ्नो कार्यक्षेत्रमा तोकिएको जिम्मेवारी पुरा गर्ने र प्रभावकारी हुन सकेको देखिएन । उक्त समिति प्रभावकारी हुन नसक्नुमा समितिमा संलग्न रहनु पर्ने सरोकारवालाहारुको उपस्थिति नहुँदा समिति आफ्नै अपूर्ण भएबाट आवश्यक जानकारी र सूचनाको अभाव हुनगई कार्य सम्पादनमा अन्यौलता सृजना भई प्रायः निष्कृय रहेको देखिन्छ । तसर्थः उक्त समितिलाई पूर्ण सरोकारवालापक्षहरु समेतलाई समितिमा रहने व्यवस्था मिलाई सूचना र जानकारी प्रदान गर्ने प्रणाली स्थापना गर्नु पर्दछ,

(ई) परीक्षा नियन्त्रण कार्यालयबाट परीक्षा केन्द्रको छनौट तथा निर्धारण गर्दा सुरक्षा निकायको पहुँच भएको स्थानमा परीक्षा समन्वय समितिको सिफारिसमा मात्र परीक्षा केन्द्र निर्धारण गर्ने र सुरक्षा निकायको पहुँच बाहिर रहेका परीक्षा केन्द्रहरुलाई तुरुन्त परिवर्तन गर्नुपर्ने देखिन्छ ।

(उ) परीक्षा केन्द्रको निर्धारण गर्दा शिक्षण संस्थाहरुको प्रभावमा परी एउटै केन्द्रमा लगातार धेरै लगातार धेरै पटक परीक्षा केन्द्र कायम भएको देखिएकोले एक शैक्षिक सत्रमा परीक्षा केन्द्र निर्धारण गरिएको स्थानमा अर्को पटक सोही विद्यालयको परीक्षा केन्द्र नरहने गरी परीक्षा केन्द्रको छनौट गर्नुपर्ने ।

(ऊ) क्षमताभन्दा बढी विद्यार्थी संख्या राखी परीक्षा केन्द्र कायम गरी उपकेन्द्रबाट परीक्षा संचालन गर्ने कार्य भएको देखिंदा उक्त कार्यको अन्त्य गर्ने ।

(ए) प्रश्नपत्रको गोपनियता भंग गरी प्रश्नपत्र बाहिरियाउने कार्यमा का.जि.का.म.न.पा. कालिमाटी स्थित जिलेट आ.उ.मा.वि.को सम्बन्धन खारेज गर्नेतर्फ तत्काल कारवाही अगाडी बढाउनुपर्ने ।

(ऐ) प्रश्नपत्रको गोपनियता भंग तथा भ्रम उत्पन्न गर्ने गरी पत्रकार सम्मेलन गर्ने केन्द्राध्यक्षलाई तत्काल उक्त जिम्मेवारीबाट हटाई वैकल्पिक केन्द्राध्यक्षको व्यवस्था गरी परीक्षा संचालन गर्नु पर्नेमा उक्त कार्य परिषद्बाट भएको देखिदैन ।

(ओ) अर्थशास्त्र विषयको प्रश्नपत्र बाहिरियो भनि पत्रकार सम्मेलनको आयोजना भएको देखिन्छ त्यस्ता भ्रामक समाचारलाई खण्डन गर्न परिषद्को तर्फबाट जारी गरिएको प्रेस विज्ञप्तिको प्रभावकारीता नदेखिएको र उक्त कार्यमा संलग्न व्यक्तिलाई सचेत गराने तर्फ परीक्षा नियन्त्रण कार्यालयबाट कुनै कारवाही भएको नदेखिंदा आगामी दिनहरुमा सो तर्फ बढी सावधानी अपनाउनु पर्ने देखिन्छ ।

प्रतिवेदक

१.	श्री अनुप कुमार श्रेष्ठ, सह-प्राध्यापक, त्रि.वि.	-संयोजक
२.	श्री दिपकराज सुवेदी, अध्यक्ष, उच्च माध्यमिक शिक्षक एसोसिएसन नेपाल (HISTAN)	-सदस्य
३.	श्री डिल्लीराम सिग्देल, अध्यक्ष, नेपाल सामुदायिक उच्च माध्यमिक शिक्षक युनियन	-सदस्य
४.	श्री सानुराज पोखरेल, अधिवक्ता	-सदस्य
५.	श्री ओम प्रकाश कुमार सिँह, अधिवक्ता	-सदस्य
६.	श्री दिनेशदेव पन्त, उप-प्रबन्धक, नेपाल टेलिकम	-सदस्य
७.	श्री गणेश बहादुर ऐर, प्र.उ., अपराध अनुसन्धान विभाग	-सदस्य